जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

मंगलमय शुभकामना
हिन्दुहरुको पावन पर्व दीपावलीको सुखद अवसरमा सम्पूर्ण पाठक, श्रोता, दर्शक, विज्ञापनदाता, शुभेच्छुकहरुमा लक्ष्मी माताले मनोकामना पूर्ण गरुन, हाम्रो शुभकामना ।
जनकपुर टुडे राष्ट्रिय दैनिक | रेडियो टुडे ९१ मेगाहर्ज | टी भी टुडे जनकपुर राष्ट्रिय च्यानल

**नोट**: दीपावलीको अवसरमा जनकपुर टुडेको कार्यालय बुधवारसम्म बिदा रहने छ । आगामी भेट शुक्रवार हुनेछ । –प्रकाशक

वर्ष २५ • अंक १५२ • २०७९ साल कार्तिक ७ गते सोमबार (24 October, Monday, 2022) • पृष्ठ ८ • मूल्य रु. ५।-

# सप्तरीको क्षेत्र नं. २ मा ठाकुरको प्रतिबद्धता सार्वजनिक

**टुडे समाचारदाता**

राजविराज। प्रतिनिधिसभा सदस्यका लागि सप्तरी-२ का लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का उम्मेदवार जयप्रकाश ठाकुरले पार्टी भन्दा फरक ढंगले २६ बुँदे प्रतिबद्धता पत्र आइतवार सार्वजनिक गरेका छन् ।

ठाकुरले वैदेशिक रोजगारीलाई निरुत्साहित गर्ने र आफ्नै भूमिमा रोजगारी सिर्जना गर्न सीपमूलक तालिम र आयआर्जनका विभिन्न कार्यक्रम सञ्चालनमा ल्याउने प्रतिबद्धतापत्रमा उल्लेख गरेका छन् । उनले उद्योगविहीन रहेको गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्रमा उद्योगहरु स्थापना गरिने वातावरण निर्माण गर्ने संकल्प गरेका छन् ।



प्रतिबद्धता पत्रमा रोजगारी, स्वास्थ्य, शिक्षा, कृषि, पूर्वाधार निर्माण कार्यलाई विशेष प्राथमिकताका साथ उल्लेख गरिएको छ ।

सीमावर्ती भारतको निर्मलीसम्म पुगेको रेल सेवालाई भारत सरकारसंग पहल गरी जिल्लासम्म बिस्तार गर्ने, गजेन्द्र नारायण सिंह अस्पताल र महेन्द्र बिन्देश्वरी बहुमुखी क्याम्पसको स्तरोन्ति, राजविराजमा व्यवस्थित बस पार्कको संचालन, गजेन्द्र नारायण सिंह संग्राहालय र प्राविधिक शिक्षा तालिम केन्द्रको स्थापना उनको प्रतिबद्धतापत्रमा समेटिएको छ।

राजरंगशालाको स्तरोन्ति, राजविराजमा अन्तर्राष्ट्रिय क्रिकेट खेल मैदानको निर्माण, पत्रकारिता क्षेत्रको विकासका लागि विशेष कार्यक्रम, सिंचाईको उचित प्रवन्ध, प्रत्येक वडामा स्टेट बोरिङ, समयमै मलखाद बीउबिजनको व्यवस्था, गाउँ तथा नगर ब्लकका जग्गाधनीलाई लाल पूर्जाको व्यवस्थापन, रोजगारी सृजनाका लागि कम्तीमा एक हजार बेरोजगार युवालाई रोजगारीका लागि विभिन्न योजनाको कार्यान्वयन लगायतका मुद्दालाई पनि उनले प्राथमिकतामा राखेका छन् ।

त्यस्तै, यस क्षेत्रमा जनता समाजवादी पार्टी (जसपा) का अध्यक्ष उपेन्द्र यादव र जनमत पार्टीका अध्यक्ष डा. सीके राउतसितको प्रतिस्पर्धामा ठाकुर सर्वाधिक चर्चामा छन् । जसपाका अध्यक्ष यादवले राउतलाई भन्दा ठाकुरलाई प्रमुख प्रतिद्वन्दी मानेका छन् । सत्तारुढ गठबन्धनको इमान्दारीपूर्ण समर्थन पाएका ठाकुरले जित निकाल्न सक्ने विश्वास व्यक्त गरेका छन् ।

## डेंगी के हो ? लक्षण र बच्ने उपाय

डेंगी एक प्रकारको ज्वरो हो। डेंगी भाइरसद्वारा संक्रमित भएको एडिस एजिप्टाई जातको पोथी लामखुट्टेले यो रोग सार्दछ। यो रोग सार्ने लामखुट्टे ग्रामीण क्षेत्रभन्दा शहरी क्षेत्रमा बढी पाइने गर्दछ। यसले स–साना सफा पानी जमेको स्थानमा फुल पार्ने गर्दछ।
खास गरी वर्षाको पानी जम्ने टीनका डब्बाहरू, प्लास्टिकका खाली डब्बा, थोत्रो टायर, फुलदानी, गमला, पानीका ट्ंयाकी आदिमा यस्ले फुल पार्दछ।

**लक्षणहरू**
- टाउको, ढाड, जोर्नी तथा मांसापेशिहरू दुख्ने
- आँखाको गेडी तथा आँखाको पछिल्लो भाग दुख्ने
- पेट दुख्ने, वाकवाकी लाग्ने
- शरीरमा विमिरा आउने
- नाक वा गिजाबाट रगत बग्ने
- रक्तश्राव हुने वा रगत जमेको दागहरू देखापर्ने, बेहोश हुने आदि



**बच्ने उपायहरू**
- लामखुट्टेको टोकाइबाट बच्न शरिर ढाक्ने लुगा लगाउने
- लामखुट्टेको वृद्धि रोक्न पानी जम्न नदिने
- पानी ट्याङ्की छोपेर राख्ने
- फुलदानिमा रहेको पानी हप्तामा दुई पटक फेर्ने
- यो लामखुट्टेले दिउँसो टोक्ने भएका कारण दिउँसो सुत्दा पनि झुल प्रयोग गर्ने
- घरका झ्याल ढोकामा जाली लगाउने
- घर वरिपरि सफा सुग्घर राख्ने, पानी जम्ने खाल्टा खुल्टी पुर्ने



सोनमा गाउँपालिका
सोनमा, महोत्तरी, मधेश प्रदेश

## हार्दिक शुभकामना

हिन्दुहरूको महान पर्व शुभ दिपावली तथा छठ पर्व २०७९ को सुखद अवसरमा सम्पूर्ण पालिकावासी, प्रदेशवासी तथा देशवासीहरूमा सुख समृद्धि एवं उत्तरोत्तर प्रगतिको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं । यस पर्वले सामाजिक सदभाव तथा भाईचारालाई थप सुमधुर तुल्याउन प्रेरणा प्रदान गरोस भनि कामना गर्दछौं ।



मनोज कुमार
अध्यक्ष
एवं
छिपहरमाई गाउँपालिका परिवार
भिस्वा, पर्सा, मधेश प्रदेश



नोट :चाडपर्व हाम्रा सांस्कृतिक पहिचान भएकोले मद्यपान, जुवातास विकृतिको मुहान भएकोले त्यस्ता गतिविधीहरुमा संलग्न नहोऔं ।

# स्रोत नखुलेको रकम बरामद


टुडे समाचारदाता

जनकपुरधाम । धनुषामा स्रोत नखुलेका साढे ३८ लाख रकम बरामद  भएको छ । आइतबार जनकपुरधाम उपमहानगरपालिका २१ कुर्थाबाट अवैध रकमसहित महोत्तरी भंगहा नगरपालिका १ का २१ वर्षीय शुवमराज चौवे पक्राउ परेका छन् ।

उनी यमहा १२० सीसीको मोटरसाइकलमा सवार भइ जनकपुरधामतर्फ आउँदै गर्दा प्रहरीलाई शंका लागि चेकजाँच गरेको थियो ।

उनले बोकेको कालो रंगको झोलामा पैसा राखेका थिए । एक हजारको २९ बण्डलमा  रु २९ लाख र पाँच सयको नोट १९ बण्डलमा रू ९ लाख ५० हजार नेपाली नोट फेला परेको धनुषा प्रहरीले जनाएको छ ।

भारतबाट अवैध रूपमा भन्सार छली गरी ल्याएको प्रहरीको प्रारम्भिक अुनसन्धनबाट खलेको छ । बरामद भएको पैसा प्रहरीले भन्सार कार्यालय जनकपुरधाममा पठाएको छ । घटनाको विषयमा थप अनुसन्धान भइरहेको छ । चुनावको समयमा फेला



परेको यी रकम कुनै उम्मेदवारको हुनसक्ने अनुमान गरिएको छ ।

# मनाइयो काग तिहार

काठमाण्डु । कार्तिक कृष्ण त्रयोदशीका दिनमा मनाइने काग तिहार पर्व आज यमराजको दूतका रुपमा कागलाई पूजासहित मीठामीठा चीज बीज खान दिएर



मनाइएको छ ।

काग तिहार पर्वदेखि नै नेपालीको दोस्रो महान् चाड यमपञ्चक सुरु हुने भए पनि यस वर्ष तिथिको घटबढका कारण शनिबारदेखि नै यमपञ्चक आरम्भ भएको हो । कार्तिक कृष्ण त्रयोदशीदेखि कार्तिक शुक्ल द्वितीया अर्थात् भाइटीकासम्म नेपालीले दोस्रो ठूलो पर्वका रुपमा तिहार मनाउने गर्छन् । यमराजले लोकको खबर कागका माध्यमबाट थाहा पाउने भएकाले कागलाई यमदूतका रुपमा मान्ने शास्त्रीय विधान रहेको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक समितिका अध्यक्ष प्रा श्रीकृष्ण अधिकारीले जानकारी दिनुभयो ।

कागले यमराजसमक्ष राम्रो खबर लगिदियोस् भनेर आजका दिन मीठामीठा खान दिइ खुसी पार्ने गरिएको पनि उहाँले बताउनुभयो । लोक व्यवहारमा काग घरमा आई कराएमा शुभ बोल, शुभ बोल भनी भन्ने प्रचलनसमेत छ । काग घर वरपर आई कराएमा उसले केही खबर लिएर आएको विश्वास गरिन्छ । 'काकेन दधि भक्षितम्' अर्थात् कागलाई दही भात मीठो लाग्ने भएकाले आजको दिन कागलाई दही भात खुवाएमा यमराजसमक्ष राम्रो सन्देश लगिदिन्छ भन्ने मान्यता छ । दुष्कर्म गर्नेलाई यमराज भएर दण्ड दिने र सत्कर्म गर्नेलाई धर्मराज भएर रक्षा गर्ने विश्वाससित पनि तिहार पर्व गाँसिएको छ । यम यातनाबाट मुक्तिका लागि परिवारका सबै सदस्यका नाममा यम दीप दान दिनेक्रम आज साँझ पनि जारी रहन्छ । यमदीप दान दक्षिण फर्काएर गर्नुपर्ने वैदिक सनातन हिन्दू धार्मिक विधि छ ।

शनिबारदेखि नै कार्तिक कृष्ण त्रयोदशी सुरु भएकाले आज बिहान पहिलो प्रहरमै कागलाई पूजासहित मीठामीठा चीजबीज खान दिएर सम्मान गरिएको छ । यमपञ्चक अर्थात् तिहारको पहिलो दिन नै काग तिहार पर्व मनाइने गरेकामा तिथिको घटबढका कारण यस वर्ष शनिबार यमपञ्चक सुरु भएकामा आज काग तिहार पर्व मनाइएको हो ।रासस

# बाबुराम भट्टराई नेतृत्वको नेसपाले सार्वजनिक गऱ्यो प्रतिवद्धतापत्र

टुडे समाचारदाता

काठमाण्डु । डा. बाबुराम भट्टराई नेतृत्वको नेपाल समाजवादी पार्टी (नेसपा)ले मंसिर ४ मा हुने संघीय चुनावको लागि प्रतिवद्धतापत्र सार्वजनिक गरेको छ। प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा नेकपा माओवादी केन्द्रको चुनाव चिन्हबाट उम्मेदवारी दिएको नेसपाले चुनावी प्रतिवद्धतापत्र भने छुट्टै निकालेको हो ।

प्रतिवद्धतापत्रको मुल नारा 'सबैलाई लोकतन्त्र, सबैलाई समृद्धि' राखिएको छ। प्रतिवद्धतापत्रमा नेसपाले राज्य पुनर्संरचना आयोगको प्रतिवेदन अनुरूप प्रदेशहरूको पुनर्संरचना गरिनेलगायतका विभिन्न विषयमा संविधान संशोधनदेखि राष्ट्रिय जीवनका महत्त्वपूर्ण सवालमा जनमत सङ्ग्रहसम्मका एजेन्डा अघि सारेको छ।

पञ्चेश्वर, पश्चिम सेती, माथिल्लो कर्णाली, नल्सिङगढ, बुढीगण्डकी, दुधकोशी जस्ता ठूला जलविद्युत परियोजनाहरूको निर्माण गर्ने नेसपाले घोषणापत्रमा उल्लेख गरेको छ। पूर्व पश्चिम र मध्य पहाडी लोकमार्गको समानान्तर ७६५ केभीको प्रसारण लाइन, कर्णाली, गण्डकी र कोशी कोरिडोरमा ४०० केभीको प्रसारण लाइनको निर्माण गर्ने पनि लक्ष्य छ।

चारलेनको मध्यपहाडी लोकमार्ग, ६ लेनको पूर्व-पश्चिम लोकमार्ग(एशियाली मार्ग)तथा ४ लेनको तराई-मधेशको हुलाकी लोक मार्गहरूको निर्माण र चीन र भारतको बीचमा गतिशील पुल बन्न सहयोग पुग्ने गरी ४ लेनका सेती-महाकाली, कर्णाली, गण्डकी र कोशी गरी चार वटा उत्तर दक्षिण जोडने लोक मार्गको निर्माण गर्ने लक्ष्य पनि  छ।



**घोषणा पत्रमा रहेका मूख्य बुदाहरू**

**संविधान संशोधन**

**राज्यको संघीय पुनर्संरचना** – राज्य पुनर्संरचना आयोगको प्रतिवेदन अनुरूप प्रदेशहरूको पुनर्संरचना गरिनेछ ।

**आन्तरिक लोकतन्त्र** – दलहरूको अन्तरपार्टी लोकतन्त्र सुदृढ गर्न निर्वाचन उम्मेदवारको मनोनयनका लागि सबै दलहरूले सबै तहमा प्राइमरी इलेक्सन गर्नुपर्ने दलीय कानुन निर्माण गरिनेछ ।

**प्रत्यक्ष निर्वाचित राष्ट्रपति र प्रदेश प्रमुख–** संघमा प्रत्यक्ष निर्वाचित राष्ट्रपति र प्रदेशमा प्रत्यक्ष निर्वाचित प्रदेश प्रमुख हुने प्रणाली कायम गरिनेछ । एक व्यक्ति दुई कार्यकाल भन्दा बढी राष्ट्रपति/प्रदेश प्रमुख हुन नपाउने व्यवस्था गरिनेछ ।

**मन्त्रीमण्डल स्वतन्त्रतापूर्वक गठन–** प्रत्यक्ष निर्वाचित कार्यकारीले आफ्नो मन्त्रीमण्डल स्वतन्त्रतापूर्वक विज्ञ तथा राष्ट्रिय जीवनका महत्त्वपूर्ण व्यक्तित्वहरूबाट बनाउन सक्ने व्यवस्था गरिनेछ ।

**सांसदको भूमिका विधायकी–** सांसद विधायकी भूमिकामा सीमित हुनु पर्ने प्रणाली स्थापित गरिनेछ ।

**जनमत सग्रह–** राष्ट्रिय जीवनका महत्त्वपूर्ण सवालहरूमा जनमत सङ्ग्रह गर्ने व्यवस्था गरिनेछ ।

**राइट टु रिजेक्ट र राइट टु रिकल–** निर्वाचन कानूनमा अस्वीकारको अधिकार (राइट टु रिजेक्ट) र प्रत्याह्वानको अधिकार (राइट टु रिकल) को व्यवस्था गरिनेछ ।

**सुशासन र सदाचार**

सदाचार ऐनको व्यवस्था- राज्यको तर्फबाट पूर्ण वा आंशिक पारिश्रमिक पाउने गरी सार्वजनिक पद धारण गरेका व्यक्तिहरूले पालन गर्नु पर्ने न्यूनतम आचारसंहिता भएको सदाचार ऐन बनाइनेछ । यसको अनुगमन गर्न कानून बनाई राष्ट्रिय सदाचार आयोग गठन गरिनेछ ।

जनलोकपाल गठन- उच्च तहका भ्रष्टाचारजन्य घटनाहरूको समेत छानबिन गरी कारबाही गर्न अधिकार सम्पन्न जनलोकपाल (पब्लिक अम्बुड्जमन) को गठन गरिनेछ । संवैधानिक आयोग; विश्वविद्यालय तथा प्रतिष्ठानहरूको पदाधिकारीहरूको नियुक्तिमा दलीय भागबन्डाको अन्त्य गरी पारदर्शी प्रतिस्पर्धात्मक विधि अपनाइनेछ।

राष्ट्रसेवक कर्मचारीको नियुक्ति लोकसेवाबाट- कर्मचारी, सेना, प्रहरी, सार्वजनिक संस्थान आदि राज्यकोषबाट पारितोषिक पाउने जुनसुकै सेवा र क्षेत्रमा भर्ना, छनौट र नियुक्तिको अधिकार लोकसेवा आयोगलाई मात्र दिइनेछ । राष्ट्रिय योजना आयोगको पुनःसंचरना- राष्ट्रिय योजना आयोगको पुनःसंरचना गरी समष्टिगत नीति निर्माण र दिशानिर्देश गर्ने अङ्गमा रूपान्तरित गरिनेछ । क्षेत्रगत योजनाहरू निर्माण र कार्यान्वयनमा मन्त्रालयहरू नै जिम्मेवार हुने प्रणाली अवलम्बन गरिनेछ ।

**न्यायालयको रूपान्तरण**

एकात्मक चरित्रको न्यायालयलाई संघीय संरचना बमोजिम पुनःसंरचना गरिनेछ । संघ तथा प्रदेश तहका न्यायालयहरूमा न्यायधिशहरूको नियुक्ति, सरुवा बढुवाको लागि स्पष्ट वैज्ञानिक मापदण्ड बनाई लागू गरिनेछ ।

**विज्ञान र प्रविधिको प्रयोग र अनुसन्धान युगमा नेपाल**

अनुसन्धान केन्द्रहरूको सशक्तीकरण- नास्ट, नार्क, राष्ट्रिय अनुसन्धान केन्द्रहरू जस्ता विज्ञान, प्रविधिको विकास तथा अनुसन्धानमा लाग्ने संस्थाहरूको सशक्तीकरण गरिनेछ । न्यानो टेक्नोलोजि, बायोटेक्नोलोजी, स्पेस टेक्नोलोजीको विकासलाई प्राथमिकतामा राखिनेछ । अनुसन्धान, विज्ञान तथा प्रविधि विकासमा आगामी ५, १५ र २५ वर्षमा कुल गार्हस्थ आयको क्रमशः १, २ र ३ प्रतिशत लगानी पुऱ्याइनेछ ।

समन्वयात्मक अनुसन्धान- औद्योगिक क्षेत्र र अनुसन्धान गर्ने विश्वविद्यालय तथा अनुसन्धान केन्द्रहरूलाई समन्वयमा अनुसन्धान गरिने व्यवस्था मिलाइनेछ । साथै, विदेशमा रहेका नेपाली वैज्ञानिक तथा प्राविधिकहरूसँग सहकार्य गरी अनुसन्धान गर्ने वातावरण सिर्जना गरिनेछ । विदेशमा रहेका नेपाली वैज्ञानिक तथा प्राविधिकहरूलाई नेपालमा फर्केर योगदान दिने वातावरण प्राथमिकताका साथ बनाइनेछ ।

**आर्थिक पूर्वाधार – बैंक तथा वित्तीय संस्थामा सहज पहुँच**

उद्यमीहरूहरूलाई उत्पादन मूलक क्षेत्रमा लगानी तथा सबै नागरिकलाई आर्थिक कारोबारमा सहजता प्रदान भएमा मात्र अर्थतन्त्र गतिशील हुन्छ । यसर्थ नेपाली सबैलाई बैंक तथा वित्तीय संस्थामा सहज पहुँच पुऱ्याउन निम्नानुसार व्यवस्था गरिनेछ ः

बैंकिङ सेवा र बीमामा पहुँच- हरेक स्थानीय तहमा वाणिज्य बैंकको कम्तीमा एक शाखा पुऱ्याउने व्यवस्था गरिनेछ । साथै सहजरूपमा बीमा सेवा उपलब्ध हुने व्यवस्था गरिनेछ ।

बीमाको पहुँच बढाउँदै पुनःबीमा कम्पनीको वित्तीय क्षमता बढाइनेछ । सबै सहकारी संस्थाहरूलाई समेत बीमामा आबद्ध गरिनेछ । बचत तथा ऋण सहकारीको प्रभावकारी नियमन र सुपरिवेक्षणको लागि बचत तथा ऋण ऐन निर्माण गरिनेछ । अनलाइन सरकारी कारोबार- सरकारी कारोबारमा पूर्णतया अनलाइन प्रणाली लागू गरिनेछ ।

**लगानीमैत्री वातावरण निर्माण**

माथि उल्लेखित कार्यक्रमहरू मार्फत रोजगारी सहितको आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न उच्च लगानी र त्यसको निरन्तरता जरुरी हुन्छ । यसका लागि कूल गार्हस्थ उत्पादनको ३५-४० प्रतिशत उत्पादन मूलक क्षेत्रमा लगानी गर्नुपर्ने हुन्छ

# नेपालको हवाई क्षेत्रमा अन्तर्राष्टिय समुदायको किन बढ्यो चासो

काठमाण्डु। अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठन (आइकाओ) को अडिट प्रतिवेदनमा नेपालले हवाई सुरक्षा परिपालनादर विश्वव्यापीभन्दा माथि अर्थात् ७० दशमलव एक प्रति प्राप्त गरेको छ । आइकाओले यसैवर्ष नेपालमा गरेको हवाई सुरक्षा अडिटको अन्तिम प्रतिवेदन हालै नेपालको नियामक नेपाल नागरिक उड्डयन प्राधिकरणले सार्वजनिक गरेको थियो ।

नेपालले प्राप्त गरेको यो स्कोर ग्लोबल एभरेजभन्दा माथि हो । एशिया प्रशान्त क्षेत्रको भन्दा अगाडि छ । प्राधिकरणका अनुसार एशिया प्रशान्त क्षेत्रको उड्डयन सुरक्षादर ६४ दशमलव पाँच र विश्वव्यापी सुरक्षादर ६७ प्रतिशत रहेको छ । मुलुकको हवाई क्षेत्रमा प्राप्त यो उपलब्धिप्रति अन्तर्राष्ट्रिय समुदायको चासो र सद्भाव बढेको छ । पछिल्ला दिनमा बहुर्राष्ट्रिय निकायले हवाई सुरक्षाबारे अध्ययन तथा अडिट गरेका छन् । यसले मुलुकको समग्र हवाई सुरक्षा प्रणालीप्रति विश्वको ध्यान खिचेको र नेपालको हवाई सुरक्षा राम्रो रहेको सन्देश दिएको प्राधिकरणका हवाई सुरक्षा विभागका प्रमुख राजु श्रेष्ठले बताउनुभयो ।

"आइकाओको अडिट प्रतिवेदनपछि अन्तर्राष्ट्रिय निकायको चासो र सद्भाव बढेको छ", उहाँले भन्नुभयो, "यसले असाध्यै राम्रो सन्देश दिएको छ, नेपालको हवाई सुरक्षा प्रणाली राम्रो रहेको छ, नेपालले हासिल गरेको विश्वव्यापी हवाई परिपालनादरबाट नेपाल सबल देशभित्र परेको छ जुन देशको लागि गौरबको विषय पनि हो ।" हाल नेपालमा नौ फिक्सविङ र ११ हेलिकप्टर कम्पनीसहित कूल २० वायुसेवा कम्पनी सञ्चालनमा छन् । नेपालमा सबै प्रकारका गरी एक सय हाराहारी वायुयान छन् । त्यसमा करिब ८० जहाज र हेलिकोप्टर ४० छन् । हालसम्म देशभर नौ सय ड्रोन दर्ता भएको प्राधिकरणले जनाएको छ ।

नेपालको हवाई क्षेत्रमाथि अन्तर्राष्ट्रिय निकायको चासो र सद्भाव बढ्नु सकारात्मक रहेको र यसले नेपालको नागरिक उड्डयन क्षेत्र विश्वव्यापी मापदण्डको छ भन्ने सन्देश गएको उहाँले उल्लेख गर्नुभयो । नेपालको हवाई क्षेत्रप्रति प्राधिकरणले आइकाओको सहयोगमा मुलुकको हवाई सुरक्षा परिपालन दर ८० प्रतिशत कायम गर्ने लक्ष्यसहित मुलुकको हवाई क्षेत्रको सुधारात्मक कामलाई प्राथमिकता दिएको छ ।



आइकाओको अडिट प्रतिवेदनबाट नेपालले उत्कृष्ट नतिजा हासिल गरेको भन्दै प्रतिवेदनले औँल्याएका कमीकमजोरी निर्मूल गर्न गृहकार्य सुरु गरिसकेको उपमहानिर्देशक श्रेष्ठले बताउनुभयो । उहाँका अनुसार अडिटपछि प्राधिकरणले प्राधिकरणले सेफ्टी हेर्ने निकायलाई अलग्गै बजेट र जनशक्तिको व्यवस्था गरेको छ । उड्डयन सुरक्षा सुदृढीकरण गर्न प्राधिकरणको सुरक्षा निर्देशनालयमा उपमहानिर्देशकको नेतृत्व रहनेछ ।

त्यसअन्तर्गत सेवा प्रदायक र नियमनकारी क्षेत्रमा कार्यरत कर्मचारीको एक अर्को क्षेत्रमा सरुवा नहुने व्यवस्था कार्यान्वयन गरिएको छ ।

पछिल्ला दिनमा बहुर्राष्ट्रिय निकायबाट हवाई सुरक्षाबारे धमाधम अध्ययन तथा अडिट भइरहेको छ । यसले मुलुकको समग्र हवाई सुरक्षा प्रणालीप्रति विश्वको ध्यान खिचेको र नेपालको हवाई सुरक्षाप्रति अन्तर र्िष्ट्रिय सरोकारवालाको विश्वास अभिवृद्धि भएको प्राधिकरणका प्रवक्ता जगन्नाथ निरौलाले बताउनुभयो । उहाँले भन्नुभयो, "मुलुकको हवाई क्षेत्रमा अन्तर्राष्ट्रिय निकायको चासो र सद्भाव रहनु नेपालको हवाई सुरक्षा प्रणाली राम्रो छ, भन्ने सन्देश गएको छ ।"

**बहुर्राष्ट्रिय निकायबाट अध्ययन**

आइकाओको अडिट रिपोर्टपछि एकपछि अर्को अन्तर्राष्ट्रिय निकायले नेपालको हवाई क्षेत्रबारे अध्ययन र छलफल गरेका छन् । आइकाओको अडिट लगत्तै यरोपेली सङ्घ (इयू) को प्राविधिक टोलीले नेपालको हवाई सुरक्षा प्रणालीबारे अडिट गरेको थियो । गत अप्रिल १२ देखि २५ तारिखसम्म इयूको टोलीले नेपालको हवाई सुरक्षा परिपालनाका विषयमा अध्ययन गरेको हो ।

इयूको टोलीले अक्टोबर ६ देखि ८ तारिखसम्म अध्ययन गरेको थियो । नेपालले गरेको प्रगतिप्रति इयूको टोली उत्साहित बनेको थियो । त्यस लगत्तै विश्व बैंकको विज्ञ टोलीले अक्टोबर ११ देखि १९ सम्म प्राधिकारका उच्च अधिकारी र हवाई उद्योगसँग सम्बन्धित सरोकारवालासँग छलफल गरेको थियो ।

उक्त टोलीले समेत नेपालमा सुरक्षा अभिवृद्धिमा दक्षजनशक्ति रहेको भन्दै सन्तुष्टि व्यक्त गरेको प्राधिकरणले जनाएको छ । पछिल्लो पटक अक्टोबर २० देखि २२ सम्म संयुक्त राज्य अमेरिकाको नागरिक उड्डयनको नियामक निकाय 'फेडेरल एभिएसन एड्मिनिष्ट्रेसन' को एक मिसनले नेपालको हवाई क्षेत्रका सरोकारवालासँग छलफल गरेको थियो ।

**अमेरिकी नियामक निकायको अध्ययन**

अमेरिकी नियामक निकायको टोलीले नेपालको हवाई सुरक्षाको अवस्थाबारे हालै सरोकारवालासँग छलफल गरेको छ । एफएएका दक्षिण एशिया हेर्ने प्रमुख प्रतिनिधि डेनियल जकोबले नेपालको हवाई सुरक्षा प्रणालीबारे विज्ञ सरोकारवालासँग छलफल गर्नुभएको प्राधिकरणका प्रवक्ता निरौलाले बताउनुभयो ।

नेपाल र अमेरिकाबीच हवाई सेवा सम्झौताको तयारी अगाडि बढिरहेको सन्दर्भमा अमेरिकाले नेपालको हवाई सुरक्षाबारे अध्ययन गर्नु सकारात्मक विषय भएको उहाँले उल्लेख गर्नुभयो ।

**कहिले हुँदैछ अमेरिकासँग हवाई सम्झौता**

अमेरिकासँग सिधा हवाई उडानका लागि द्विपक्षीय हवाई सम्झौता गर्नेबारे संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र प्राधिकरणले सरोकारवालासँग छलफल गरिरहेको छ । रासस

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : प्रतिभा सम्पन्नता । |
| बृष | : बौद्धिक क्षमता । |
| मिथून | : धन बृद्धि सञ्चय । |
| कर्कट | : भ्रमण अवसर हुने । |
| सिंह | : नयाँ कार्य हुने । |
| कन्या | : अवसर प्राप्त । |
| तुला | : वाद विवादबाट बच्नु । |
| बृश्चिक | : प्रेम प्रसंग, मित्र सुख । |
| धनु | : पारिवाहिक सुख । |
| मकर | : सुख समृद्धि हुने । |
| कुम्भ | : शिक्षामा उन्नति । |
| मीन | : पुरस्कार प्राप्त लाभ । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# आयोगबाट स्पष्टीकरण पठाउने क्रम जारी




काठमाण्डु । निर्वाचन आयोगलले आचारसंहिता विपरीत प्रचारप्रसारका क्रममा भएका गतिविधिप्रति ध्यानाकर्षण जनाउँदै स्पष्टीकरण सोध्ने क्रमलाई निरन्तरता दिएको छ । आयोगले सरकारी गाडी प्रयोग गरेको विषयमा खानेपानीमन्त्री एवं प्रतिनिधिसभा सदस्यका बारा क्षेत्र नं १ का उम्मेदवार उमाकान्त चौधरीलाई स्पष्टीकरण सोधेको छ ।

आयोगले निर्वाचन आचारसंहिता, २०७९ को दफा ५ (क) बमोजिम नेपाल सरकारका मन्त्रीले चुनावी प्रचारप्रसार गर्दा सरकारी स्रोतसाधनको प्रयोग गर्न पाइने छैन भन्ने व्यवस्था रहेको सन्दर्भमा स्पष्टीकरण सोधेको हो ।

तपाइँले चुनाव प्रचारप्रसारका क्रममा सरकारी (रातो तथा नीलो) नं प्लेट भएको बा२भ्र ५८६१ नंको सरकारी गाडीको नं प्लेट नै परिवर्तन गरी बा१२च ७४३१ नंको प्लेट राखेर प्रयोग गरेको हो होइन ?', स्पष्टीकरण पत्रमा भनिएको छ, "यदि निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ को उपदफा (३) र उपदफा (४) बमोजिम तपाइँलाई किन कारबाही गर्नु नपर्ने हो ?'

मन्त्री चौधरीलाई आयोगले कुनै माध्यमबाट पत्र प्राप्त भएको २४ घण्टाभित्र निर्वाचन आयोग वा आफैँ उम्मेदवार रहेको जिल्लाको निर्वाचन कार्यालयमा आफैँ उपस्थित भई वा प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्न भनिएको छ । आयोगबाट मन्त्री चौधरीले प्रचारप्रसारका क्रमम सरकारी गाडीको नं प्लेट नै परिवर्तन गरी प्रयोग गरेको सम्बन्धमा सूचना प्राप्त भएकाले जाँचबुझ गरी आयोगमा तीन दिनभित्र प्रतिवेदन पेस गर्न उक्त निर्वाचन क्षेत्रको मुख्य निर्वाचन अधिकृतको कार्यालय र जिल्ला प्रहरी कार्यालय, बारालाई समेत पत्राचार भएको छ ।

यसैबीच, आयोगले निर्वाचन आचारसंहिता विपरीत सहयोग रकम उपलब्ध गराएको विषयमा मकवानपुर क्षेत्र नं २ का नेकपा (एकीकृत समाजवादी) का प्रतिनिधिसभा सदस्यका उम्मेदवार विरोध खतिवडा र मकवानपुर क्षेत्र नं २ (ख) का नेपाली कांग्रेसका प्रदेशसभा सदस्यका उम्मेदवार इन्द्रबहादुर बानियाँलाई स्पष्टीकरण सोधेको छ ।

उम्मेदवार खतिवडा र बानियाँलाई स्पष्टीकरण

उम्मेदवार खतिवडा र बानियाँले आफ्नो निर्वाचन क्षेत्रभित्र पर्ने मनहरी क्याम्पसका विद्यार्थीहरुलाई भ्रमणका लागि अग्रिम सहयोग रकम जनही रु १५ हजार उपलब्ध गराएको विषय सञ्चारमाध्यमबाट सार्वजनिक भएपछि आयोगले २४ घण्टाभित्र स्पष्टीकरण पेस गर्न भनेको हो ।

आयोगले पत्रमा निर्वाचन आचारसंहिता, २०७९ को दफा ४ को खण्ड (न) मा 'कसैले पनि कुनै प्रकारले निर्वाचनको स्वच्छता वा निष्पक्षतालाई प्रभावित गर्ने गरी कुनै कार्य गर्न नहुने' स्मरण गराइएको छ । निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा २१ को उपदाफा (१) मा कुनै पनि उम्मेदवारले मतदातालाई प्रभाव पार्ने गरी नगद, जिन्सी दिन वा लिन नहुने भनी उल्लेख गरिएको छ ।

तसर्थ, तपाइँबाट आफ्नो क्षेत्रका मतदातालाई प्रभाव पार्ने गरी रकम हस्तान्तरण भएको बारे के कसो भएको हो ? यदि तपाइँबाट नगद वितरण कार्य भएको हो भने निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ को उपदफा (३) र उपदफा (४) तथा निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा २१ को उपदफा (२) बमोजिम किन कारबाही हुनुनपर्ने हो ?' आयोगको स्पष्टीकरणमा भनिएको छ, "कुनै माध्यमबाट पत्र प्राप्त भएको २४ घण्टाभित्र आयोग वा आफू उम्मेवार रहेको जिल्लाको निर्वाचन कार्यालयमा आफैँ उपस्थित भई वा आफ्नो प्रतिनिधिमार्फत लिखित स्पष्टीकरण पेस गर्न निर्णयानुसार जानकारी गराइन्छ ।'रासस

# नेपाली 'ब्ल्यु हेल्मेट्स' को प्रशंसा



काठमाण्डु । संयुक्त राष्ट्रसङ्घको विश्व शान्ति स्थापना उद्देश्यमा नेपाली सुरक्षा फौजबाट भएको योगदान अविस्मरणीय रहेको देखिएको छ । राष्ट्र सङ्घका आह्वानमा नेपाली सेनाले सन् १९५८ देखि निरन्तर खटिइ द्वन्द्वरत मुलुकमा शान्तिका साथै शिक्षा र स्वास्थ्य एवं अन्य मानवीय सहायता तथा जनहितका कार्य गर्दै आएको छ ।

अन्तर्राष्ट्रिय शान्ति स्थापनाका सिलसिलामा हालसम्म ७० नेपाली सुरक्षाकर्मीले वीरगति प्राप्त गरेको तथा ६६ जना गम्भीर घाइते भएको जनाइएको छ । नेपाली सुरक्षा फौजको व्यावसायिकताकै कारण नेपालसँग विश्वका कैयौं मुलुक र त्यहाँका नागरिकबीचको सम्बन्ध प्रगाढ भएको छ ।

राष्ट्र सङ्घको आह्वानमा शान्ति स्थापनाका लागि धेरै सैनिक/सुरक्षाकर्मी खटाउने मुलुकका सूचीमा हाल नेपाल तेस्रो वरियतामा छ । अन्तर्राष्ट्रिय शान्ति कार्यमा ६४ वर्षका यात्रामा एक लाख ४० हजार तीन सय ६६ 'ब्ल्यु हेल्मेट्स' ले ४३ मिसनमा रही योगदान पुऱ्याइसकेको नेपाली सेनाले जनाएको छ ।

राष्ट्र सङ्घ स्थापना दिवस (युएनडे) का अवसरमा नेपाली सेनाद्वारा आज यहाँ आयोजित 'राष्ट्रसङ्घीय शान्ति स्थापना कार्यमा सक्षमताको आवश्यकता र भावी मार्ग' विषयक कार्यक्रमका सहभागी वक्ताले राष्ट्रसङ्घको शान्ति कार्यको झण्डामुनि रही सेनाले गरेको कार्य सम्मान योग्य रहेको बताउनुभयो ।

नेपाल सरकारका मुख्य सचिव शङ्करदास वैरागीले राष्ट्र सङ्घको अन्तर र्राष्ट्रिय शान्ति अभियानमा नेपालको साथ, सहयोग र योगदान अद्वितीय रहिआएको विचार प्रकट गर्नुभयो । उहाँले भन्नुभयो, "विश्वका द्वन्द्व मुलुकमा खडा भएका संवेदनशील र चुनौतीपूर्ण क्षणमा सेनाले व्यावसायिक र अनुशासित भई दिइएको निर्देशन प्रतिबद्ध भई पालना गर्दै आएको छ । सोही योगदानअनुसारको जिम्मेवारी पनि आगामी दिनमा पाउनुपर्छ ।"

मुख्यसचिव वैरागीले राष्ट्र सङ्घका तर्फबाट नेपालको विकास र समृद्धिलगायत विविध क्षेत्रमा सहयोग प्राप्त भइरहेको पनि उल्लेख गर्नुभयो ।

प्रधानसेनापति प्रभुराम शर्माले राष्ट्र सङ्घको शान्ति स्थापनामा नेपाली सेनाले निकै संवेदनशील क्षेत्रमा सुम्पिएको जिम्मेवारी कुशलतापूर्वक पूरा गरिरहेको बताउनुभयो । उहाँले भन्नुभयो, "पछिल्ला समयमा देखिएको बहुआयामिक द्वन्द्व व्यवस्थापनमा अनुशासित, व्यावसायिक र साहसिक जनशक्ति परिचालन गरी सेनाले काम गर्दै आएको छ ।"

कार्यक्रममा राष्ट्र सङ्घका महासचिवका सैनिक सल्लाहकार जनरल बिरामी डिओपले नेपाली शान्ति सेनाको गतिविधि समेटिएको तस्बिरसहितको कफी टेबल बुक 'नेपाली सेनाः विश्वव्यापी शान्ति र सुरक्षालाई सुदृढ गर्दै' विमोचन गर्नुभएको थियो । राष्ट्र सङ्घले आजको कार्यक्रमको सफलताको कामना गर्दै राष्ट्र सङ्घको शान्ति प्रयासमा नेपालको सहयोगको प्रशंसा गरिएको सन्देश पठाएको थियो ।

हाल विश्वका ११ मुलुकका १२ स्थानमा स्थापित मिसनमा पाँच हजार पाँच सय ६८ सैनिक शान्ति स्थापनाका लागि परिचालित छन् । त्यस्तै नेपाल प्रहरीका ४२ र सशस्त्र प्रहरी बल नेपालका एक सय ९४ जनशक्ति हाल राष्ट्र सङ्घका आह्वानमा विभिन्न मुलुकमा खटिरहेका छन् । ती राष्ट्रमा नेपाली सुरक्षा फौजको कार्यक्षमता, अनुभव र उच्चस्तरको सेवा भावले सैनिक-नागरिक सम्बन्ध विस्तारमा ठूलो योगदान पुगेको छ ।

नेपाली सुरक्षा फौजको कार्य जिम्मेवारीअनुसार राष्ट्र सङ्घले हालसम्म नौ उच्च तहका अधिकृतलाई फोर्स कमान्डरको जिम्मेवारी प्रदान गरिसकेको छ । पछिल्लो समय सेनाले राष्ट्र सङ्घको अनुरोधमा नेपाली शान्ति सैनिक महिला सैनिक पनि वृद्धि गर्दै लगेको छ । विश्वशान्ति ध्येयमा हाल दुई सय ९५ नेपाली महिला सुरक्षाकर्मी खटिरहेको सेनाले जनाएको छ ।

काभ्रेपलाञ्चोकको पाँचखालस्थित वीरेन्द्र शान्ति कार्य तालिम केन्द्रले राष्ट्र सङ्घको आह्वानमा 'ब्ल्यु हेलमेट्स' लाई निरन्तर तालिम दिँदै आएको छ । नेपालले आवश्यक परेका खण्डमा करिब १० हजार शान्ति सैनिक खटाउन सक्ने यसअघि नै राष्ट्र सङ्घसमक्ष प्रतिबद्धता जनाइसकेको छ । विश्वशान्ति कार्यमा महत्वपूर्ण योगदान पुऱ्याएबापत संयुक्त राष्ट्रसघले विश्व प्रख्यात नोबल पुरस्कारसमेत प्राप्त गरिसकेको छ । राष्ट्रसङ्घको स्थापना सन् १९४५ अक्टोबर २४ मा भएको हो ।रासस

# चालीस प्रतिशत मतपत्र छपाइ सम्पन्न

काठमाण्डु । मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि पहिलो हुने निर्वाचित हुने प्रणाली (प्रत्यक्ष)तर्फ ४० प्रतिशत मतपत्र छपाइ सम्पन्न भएको छ । हालसम्म समानुपातिक तथा पहिलो हुने निर्वाचित हुने प्रणाली गरी कूल सङ्ख्याको करिब ७० प्रतिशत मतपत्र छपाइ सम्पन्न भएको छ । समानुपातिक प्रणालीको मतपत्र धमाधम ढुवानी भइरहेको छ ।

पहिलो हुने निर्वाचित हुने प्रणालीतर्फ आजसम्म एक करोड ६७ लाख पाँच सय मतपत्रको छपाइ सम्पन्न भएको निर्वाचन आयोगका सहायक प्रवक्ता कमल भट्टराईले जानकारी दिनुभयो । सोमध्ये प्रतिनिधिसभाका लागि ८७ लाख एक हजार र प्रदेशसभाको ८० लाख ५७ हजार पाँच सय मतपत्र छपाइ सम्पन्न भएको छ । समानुपातिक निर्वाचन प्रणालीतर्फको करिब चार करोड मतपत्र भने यसअघि नै छपाइ सम्पन्न भइसकेको छ ।

समानुपातिक निर्वाचन प्रणालीतर्फ भने ६८ जिल्लामा मतपत्र ढुवानी भइसकेको छ । अब नौ जिल्लामा मात्र मतपत्र ढुवानी हुन बाँकी छ । ढुवानी भएकामध्ये प्रदेशसभाका लागि एक करोड ९६ लाख १७ हजार तथा प्रतिनिधिसभातर्फ एक करोड ९३ लाख १३ हजार मतपत्र रहेको छ । अब प्रदेशसभाको पाँच लाख ६८ हजार तथा प्रतिनिधिसभाको पाँच लाख ५८ हजार मतपत्र मात्र ढुवानी हुन बाँकी छ । निर्वाचनमा कूल एक करोड ७९ लाख ८५ हजार ७० मतदाता रहेका छन् । यी मतदाताले समानुपातिक तथा पहिलो हुने निर्वाचित हुने दुई प्रणालीका लागि चार मतपत्रमा भोट हाल्नुपर्ने हुन्छ । निर्वाचनका लागि कूल करिब आठ करोड मतपत्र आवश्यक पर्छ ।रासस

# विश्वसम्पदा सूचीमा सूचीकृत क्षेत्रलाई सांस्कृतिक केन्द्र बनाइँदै

काठमाण्डु । सरकारले विश्व सम्पदा सूचीमा सूचीकृत क्षेत्रलाई सांस्कृतिक केन्द्रका रुपमा विकास गर्ने भएको छ । विश्व सम्पदा सूचीमा सूचीकृत वसन्तपुर दरबार क्षेत्र र स्वयम्भूनाथ चैत्य, जीवित देवी कुमारीलाई राख्ने घर, लाखेघर, पवित्र भूमि सीतापाइला, तलेजु मन्दिर जस्ता सम्पदा र इन्द्रजात्रालगायत विभिन्न जात्रापर्वको प्रचलन रहेको क्षेत्रलाई सांस्कृतिक केन्द्रका रुपमा विकास गर्ने सोच अगाडि सारिएको छ ।

त्यसको प्रत्यक्ष लाभ स्थानीय बासिन्दाले पाउने व्यवस्था गर्न लागिएको संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री जीवनराम श्रेष्ठले जानकारी दिनुभयो । सम्पदा क्षेत्रका जनताले पर्यटनबाट प्रत्यक्ष लाभ लिने वातावरण बनाइने उहाँको भनाइ छ । स्थानीयवासीलाई सीपमूलक तथा आयआर्जनका कार्यक्रममा सामेल गराउने योजना अनुसार आफ्नो क्षेत्रमा स्थानीय पथप्रदर्शक तालिम तथा होमस्टे तालिमलाई अभियानका रुपमा अघि बढाएको मन्त्री श्रेष्ठले जानकारी दिनुभयो ।

पर्यटन क्षेत्रको दीगो विकासका लागि सरकारले पर्यटन दशकको अवधारणा अघि बढाएको उल्लेख गर्दै उहाँले पर्यटन नै नेपालको आर्थिक विकासको दीगो स्रोत भएको र कोभिड- १९ पछि थलिएको पर्यटनलाई पुनरुत्थान गर्न आफूले 'पर्यटन दशक २०२३-२०३३' को अवधारणा अगाडि सारेको बताउनुभयो ।

काठमाण्डुंको छाउनीस्थित बाहिटी सङ्गमटोल सुधार समितिले आज आयोजना गरेको शुभकामना आदानप्रदान कार्यक्रममा मन्त्री श्रेष्ठले काठमाडौँ निर्वाचन क्षेत्र नं ८ मा पूर्वाधार विकासतर्फ आफूले गरेका अधिकांश प्रतिबद्धता पूरा गरेको बताउनुहुँदै आगामी दिनमा उक्त क्षेत्रलाई पर्यटकीय नमूनास्थल बनाउने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

निर्वाचन क्षेत्रभित्र सडक निर्माण, खानेपानी आयोजना, सांस्कृतिक सम्पदाको पुनःनिर्माण, संरक्षण र विकास, चमती जग्गा एकीकरण आयोजना, मनोरञ्जन पार्क निर्माण, सडक पुल, झलुङ्गे पुल तथा आकाशे पुल निर्माण तर्फ अधिकांश चुनावी प्रतिबद्धता पूरा गरेको उहाँले बताउनुभयो ।

आसन्न निर्वाचनमा काठमाण्डु निर्वाचन क्षेत्र नं ८ बाट वाम लोकतान्त्रिक गठबन्धनको उम्मेदवारसमेत रहनुभएका मन्त्री श्रेष्ठले वसन्तपुर- स्वयम्भू-ह्वाइट गुम्बालाई नमूना पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने आफ्नो योजना रहेको सुनाउनुभयो ।रासस

# प्लाष्टिकका माला उपयोग नगर्न फ्यानको आग्रह

काठमाण्डु । फ्लोरिकल्चर एशोसिएसन नेपाल (फ्यान) का अनुसार नेपालमा एक सय ७८ हेक्टर जमिनमा व्यावसायिक फूलखेती हुने गरेको छ । हाल नेपालका ४४ जिल्लामा व्यावसायिक फूलखेती भइरहेको छ । यस वर्षको भाइटीकामा विभिन्नथरीका रु १४ करोड मूल्य बराबरको २४ लाख माला खपत हुने अनुमान छ । यस वर्षको भाइटीका कात्तिक



१० गते परेको छ ।

यस वर्ष सरकारले तिहारमा फूल र माला आयातमा रोक लगाएको छ । जसले गर्दा पुष्प व्यवसायी, किसान तथा उपभोक्तालाइ राहत हुने भएको छ । माला एकपटक प्रयोग हुने वस्तु हो ।

"किसानले तिहारमा माला बिक्री गर्ने उद्देश्यले पुष्पखेती गरेका हुन्छन् । तर उपभोक्ताले प्लाष्टिकका माला प्रयोग गरेपछि आम किसान मर्कामा पर्ने भएकाले प्लाष्टिकका माला उपभोग नगर्न आग्रह गरेका हौं", फ्यानका महासचिव विश्वमणि पोखरेलले राससलाई बताउनुभयो ।

प्रायःतिहारमा सयपत्री, मखमली र गोदावरी फूलको खपत हुने गरेको छ । नेपालमा फूल तथा फूलजन्य सामग्री छिमेकी मुलुक भारतबाट आयात हुने गरको थियो । नेपाल फूलमा आत्मनिर्भर छैन । गत वर्ष नेपालले रु ११ करोडको फूल आयात गरेको थियो । गत वर्षको तिहारमा भारतबाट झन्डै तीन लाख वटा माला आयात भएको थियो । तर यस वर्ष समयमा नै वर्षा भएकाले फूलको उत्पादन बढेको हुँदा आयात आवश्यक नपर्ने फ्यानले बताएको छ ।

नेपालमा व्यावसायिक फूलखेती सुरुआत भएको २५ वर्ष पुगिसकेको छ । विसं २०११ बाट नेपाल प्राइभेट नर्सरीको स्थापनासँगै सामान्यस्तरमा सुरु भएको फूल व्यवसायबाट आर्थिक वर्ष २०७९/८० सम्म आइपुग्दा ४२ हजारभन्दा बढी व्यक्ति प्रत्यक्ष तथा अप्रत्यक्षरुपमा लाभान्वित भएका छन् ।

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष शेखर गोल्छाले नेपालमा पुष्प व्यवसायको भविष्य उज्ज्वल रहे पनि नीतिगत समस्याका कारण अपेक्षाअनुसार लगानी बढ्न नसकेको बताउनुहुन्छ । नेपालको भौगोलिक विविधताका कारण संसारमा पाइने जुनसुकै फूल तथा वनस्पति खेती गरेर निर्यातसमेत गर्न सकिने प्रचुर सम्भावना छ ।

"पुष्प क्षेत्रको लगानीबाट राम्रो प्रतिफूल लिन सकिन्छ । विश्वमा नेपाली फूल 'हिमालयन फ्लावर' का नाममा बिक्री हुनसक्छ । तर बृहत् लगानी हुन सकेका छैनन् । ठूला लगानी भित्र्याउन सरकारले नीतिगत सुधारमा ध्यान पुऱ्याउनुपर्छ", अध्यक्ष गोल्छाले भन्नुभयो ।

धार्मिक, सांस्कृतिक तथा सामाजिक क्षेत्रमा फूलको महत्व रहिआएको छ । फूलले नेपालको अर्थतन्त्रमा ठूलो टेवा पुऱ्याउने सम्भावना छ । सयपत्री फूलखेती गर्न उर्वर जमिनको आवश्यकता पर्दैन । भिरालो तथा खेतबारीका आली तथा कान्ला, आँगनका डिल, गमला एवं घरघरका कौशीमा फूलखेती गर्न सकिन्छ । नेदरल्याण्ड विश्मा धेरै फूल निर्यात गर्ने देशमा पर्छ । नेपालले फूल निर्यात गर्नसक्ने सम्भावना रहेको फ्लोरिकल्चर एशोसिएसन नेपालका पूर्वध्यक्ष कुमार कसजुले जानकारी दिनुभयो ।

फूल पवित्र वस्तु भएकाले नेपालमा जन्मदेखि मृत्युसम्म उपभोग हुँदै आएको छ । यसको आवश्यकता सबै जातजाति र धर्म, संस्कृतिमा बराबरी छ । कृषि विभागका उपमहानिर्देशक डा हरिबहादुर केसीले सरकारी लगानी खाद्यबालीमा केन्द्रित भएका कारण पुष्प क्षेत्रमा अपेक्षाअनुसार लगानी हुन नसकेको जानकारी दिनुभयो ।

वनस्पति विभागका महानिर्देशक डा राधा काफ्लेले नेपालमा वर्षैभरि फूलिरहने गोदावरी फूलको विकास गरेको भन्दै यसको प्रवर्द्धनका लागि विभागले फ्यानसँग सहकार्य गर्दै आएको जानकारी दिनुभयो । फ्यानका अध्यक्ष मीनबहादुर तामाङले सङ्घीयता लागू भएसँगै पुष्प क्षेत्र हेर्ने केन्द्रीय निकाय नै नभएको गुनासो गर्नुभयो । उहाँले पुष्प क्षेत्रको प्रवर्द्धनका लागि सरकारले पुष्प प्रवर्द्धन नीतिको पुनर्लेखन गरी लागू गर्नुपर्छ भन्नुभयो ।

पुष्प प्रवर्द्धन नीति अहिलेसम्म कार्यान्वयनमा आएको छैन । नीतिको समयसापेक्ष परिवर्तन आवश्यक छ । नेपालमा पुष्पखेतीका लागि हालसम्म 'हाइब्रिड' बीउ र 'टिस्यू कल्चर' बिरुवा उत्पादन प्रविधि नभएका कारण फूलको मागअनुसार उत्पादन हुन नसकेकाले बेलाबखतमा आयात गर्नुपरेको हो ।रासस

# स्वास्थ्य केन्द्रमा फिजियोथेरापी र अकुपन्चर सेवा सुरु




भरतपुर । चितवनको रत्ननगरमा रहेको जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रमा फिजियोथेरापी र अकुपन्चर सेवा सुरु भएको छ । आइतबार आरोग्यता दिवस तथा धन्वन्तरि जयन्तीको अवसर पारेर जिल्ला समन्वय समिति चितवनका प्रमुख नारायण अधिकारीले सेवा सुभारम्भ गर्नुभयो । प्रदेश स्तरको सो केन्द्रको उपचार थप प्रभावकारी बनाउन सेवा थप गरिएको कार्यालय प्रमुख डा कोपिला अधिकारीले जानकारी दिनुभयो ।

उहाँका अनुसार अकुपञ्चर सेवा पूर्वी चितवनमै पहिलो पटक आयुर्वेद स्वास्थ्य केन्द्रमार्फत प्रदान गर्न लागिएको छ । आयुर्वेद थेरापी, दुःखाइ व्यवस्थापन, बाथरोग, नशासम्बन्धी रोग, निद्रा नलाग्ने लगायतका रोगको उपचार जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रमार्फत भइरहेको अधिकारीले जानकारी दिनुभयो ।

केन्द्रमा प्रयोगशाला, भिडियो एक्सरे सेवा पनि उपलब्ध छ । प्रस्तावित ५० शय्याको जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रमा २५ शय्याको भवन निर्माण भइरहेको छ । केन्द्रले गतवर्ष मात्रै ४० हजार नागरिकलाई सेवा प्रदान गरेको जनाएको छ । आरोग्यता दिवस तथा आज धन्वन्तरि जयन्तीमा प्रभातफेरी प्रत्येक वर्ष कात्तिक कृष्ण त्रयोदशीका दिन मनाइने आरोग्य दिवस एवं धन्वन्तरि जयन्तीको अवसरमा चितवनमा प्रभातफेरी निकालिएको छ । रत्ननगरमा रहेको जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रको आयोजनामा प्रभातफेरी निकालिएको हो । केन्द्रको कार्यालय परिसरदेखि सुरु भएको प्रभातफेरी ईलाका प्रहरी कार्यालय हुँदै सौराहा चोक, बकुलहर चोक, हरिहर मन्दिर हुँदै पुनः कार्यालयमा आएर समापन भएको थियो ।

प्रभातफेरीमा सहभागीलाई विभिन्न जनचेतनामूलक सन्देश लेखिएका प्ले कार्ड समातेका थिए । दिवसकै अवसरमा कार्यालयमा धन्वन्तरि पूजन एवं धन्वन्तरि मूर्ति प्रतिस्थापन गरिएको छ । वन जङ्गलमा पाइने जडीबुटीमा आधारित प्राचीनतम् वैदिक चिकित्सापद्दति आयुर्वेदका प्रवर्तक भगवान् धन्वन्तरिको उत्पत्ति भएको सम्झनामा सो जयन्ती मनाउने गरिन्छ ।

आजको दिनलाई आयुर्वेदका चिकित्सकले सत्सङकल्प गरी शुभकार्य प्रारम्भ गर्ने अवसरका रूपमा लिने गर्छन् । विसं १९८५ मा काठमाडौँको नरदेवीमा आयुर्वेद क्याम्पसको स्थापना भएपछि नेपालमा विधिवत् धन्वन्तरी जयन्ती मनाउन थालिएको थियो ।रासस

न्यायालय मे,

ए.डी.जे.नं.–१०
सीतामढी ।

प्रोवेट वाद संख्या - ११/०७
राम श्रेष्ठ सिंह .....................आवेदक
बनाम
बैद्यनाथ सिंह वो. .................. विपक्षीगण

[1] चित्ररेखा देवी दोख्तर स्व. महेन्द्र सिंह एवं प्रमिला देवी जौजे राकेश सिंह, साकिन मौजे-मिर्जा हथिऔल, थाना वो पोष्ट-बतरा, जिला-सर्लाही (नेपाल) [2] विभा देवी दोख्तर महेन्द्र सिंह वो स्व. प्रमिला देवी जौजे मुकेश सिंह साबिक मौजे- सीरीपुर मुरली टोले वार्ड नं. ११, थाना-बीरगंज, जिला-परसा ।

चूँ, आपलोगों की माता के मरणोपरांत उक्त वाद में आपलोगों को न्यायालय द्वारा पक्षकार बनाया गया है । न्यायालय द्वारा आपलोगों के उपर रजिस्टर्ड कार्ड भेज कर तामिला कराया गया, जो आपलोगों के उपर तामिल है । आपलोग बावजुद जानकारी के न्यायालय में हाजिर नहीं हो रहे हैं ।

अतः इस पेपर प्रकाशन के जरियें आपलोगों को सुचित किया जाता है कि आपलोग दिनांक ०३-११-२०२२ को १०:३० बजे पूर्वाहण मे मेरे न्यायालय में हाजिर होकर अपना जबाव दाखिल करें । अन्यथा मोकदमा की सुनवाई एकपक्षीये में की जायेगी । इसे ताकिद जाने ।

भवदीय
ए.डी.जे.नं.–१०
सीतामढी



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥

## सम्पादकीय

# परिवारमा अल्झेका नेताहरु

प्रतिनिधि सभा र प्रदेश सभाको चुनावमा देशका शीर्ष नेताहरुले पारिवारिक सदस्यहरुलाई उम्मेदवार बनाएर त्यसमा अल्झेका छन् । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले पत्नी डा.आरजु देउवालाई समानुपातिक तर्फ, डा.बाबुराम भट्टराईले छोरी र पत्नीलाई, महन्थ ठाकुरले छोरीलाई, राजेन्द्र महतोले भतिजालाई, डा.सीके राउतले भाइ र भाउजुलाई उम्मेदवार बनाएका छन् । उनीहरु स्वयं पनि उम्मेदवारी दिएका छन् । प्रतिनिधिसभा र प्रदेशसभाको चुनाव एकै दिन भइरहेको छ । चुनावमा हरेक दलका उम्मेदवारहरुलाई शीर्ष नेताहरुको सहयोगको खाँचो देखिएको छ । तर शीर्ष नेताहरुले पारिवारिक उम्मेदवार र आफ्नो उम्मेदवारी रहेको क्षेत्रबाट बाहिर निस्केका छैनन् । अधिकांश शीर्ष नेताहरुको जित्ने सुनिश्चित भइसकेको छैन् । केही दलका शीर्ष नेताहरु चुनावमा पराजित हुने संभावना बढेको छ । शीर्ष नेताहरुप्रति जनताको विश्वास देखिएको छैन् । सर्वाधिक आलोचनाको पात्र शीर्ष नेताहरु नै देखिन थालेका छन् । पर्व त्यौहारमा परेको चुनावले गति लिन सकेको छैन् । तर छठको समापनसँगै चुनावले तीव्र गति लिनेछ । गठबन्धनको भर भन्दा पनि घातको डरले उम्मेदवारहरु त्रसित छन् । देशमा हाल दुईवटा गठबन्धन छ । वैचारिक रुपमा कुनै समानता नभए पनि सत्ताका लागि दलहरु मिलेका छन् । सत्तारुढ गठबन्धन र एमाले-जसपा गठबन्धनको वरिपरि चुनाव घुमेको देखिएको छ । तर चुनावको परिणाम गठबन्धनको विपरीत हुने संभावना व्यापक देखिएको छ । मतदाताहरु पनि सचेत भएका छन् । बिहान एउटा रंग र साँझ अर्को रंग लगाएर आउने नेताहरुलाई मतदाताले राम्ररी चिनिसकेका छन् । विकासप्रतिको निष्ठा, इमान्दारी, र जनताप्रतिको उत्तरदायित्व निर्वाह गर्ने नेताहरु मतदाताको पहिलो रोजाईमा पर्ने देखिन्छ । गठबन्धनमा देखिएको चरम असन्तुष्टिले उम्मेदवारहरु त्रसित छन् । दिनभरि उम्मेदवारहरु चुनाव प्रचारमासँगै रहने गरेका छन् । तर राति एक अर्कामाथि अनेकौ आशंका गर्दै निदाउँछन् । ६ महिना पूर्व सम्पन्न भएको स्थानीय निकायको चुनावमा पराजित उम्मेदवारको पीडा र विजयी भएका उम्मेदवारको विरोधमा खडा रहेका नेतालाई पचाउने वातावरण अझै बनिसकेको छैन् । स्थानीय तहको चुनावमा रकम खर्च गरी निर्वाचित भएका जनप्रतिनिधिहरुले दलगत भन्दा लगानी असुल गर्ने तर्फ बढी केन्द्रित भएका छन् । हुनत उम्मेदवारहरुले उनीहरुलाई आफ्नो पक्षमा रहेको विश्वास गरे पनि लगानी असुली हुने तर्फ उनीहरु ध्यान लगाएका छन् । विगतको चुनावमा पनि यस्ता घटनाहरु भएका थिए । तर मूलतः धेरै समस्या देखिनुको प्रमुख कारण शीर्ष नेताहरु आफ्नो क्षेत्रभन्दा बाहिर ननिस्कनु नै हो । उनीहरुले क्षेत्रभन्दा बाहिर जान सके चुनावको परिणाममा फरक आउन सक्छ ।

# दीपावलीमा दियो नै बाल्नुको महत्व



सरस्वती ढुंगान

हिन्दूहरूको महान् पर्व तिहारलाई दीपावली अर्थात् उज्यालोको पर्व पनि भनिन्छ। शरद ऋतुमा पर्ने महत्वपूर्ण र सुन्दर पर्वका रूपमा यसलाई लिइन्छ। यस पर्वलाई फूलहरूको पर्व पनि भनिन्छ। तैपनि, यस पर्वमा खासगरी उज्यालोलाई नै प्राथमिकता दिने गरेको पाइन्छ।

'तमसोमा ज्योतिर्गमय' अर्थात् अन्धकारबाट उज्यालोतिर अग्रसर होऊ भन्ने भावनामा परापूर्वकालदेखि नै यो पर्व मनाइँदै आएको देखिन्छ। त्यसो त तिहार अर्थात् दीपावलीको धार्मिक, सांस्कृतिक र जैविक महत्व पनि पाइन्छ। यस पर्वलाई तिहार, दीपावली, त्यौहार, यमपञ्चक, दीपोत्सव जुन नामले मनाए पनि खासगरी यो दीप वा उज्यालोको पर्व नै हो। त्यसैले यस पर्वमा विभिन्नखालका दीप प्रज्वलन गर्ने चलन छ। पानीविनाको माछाजस्तै दीपविनाको दीपावलीको अर्थ हुँदैन।

प्रारम्भिककालमा प्रकाशको मुख्य स्रोत अग्नि थियो। जुन स्रोत मनुष्य जातिको प्रमुख आधार पनि थियो। तत्कालीन मानवले आगोलाई ज्यादै प्रिय वस्तुका रूपमा त्यतिवेलादेखि नै लिएको पाइन्छ। मानिस आफू जहाँजहाँ जान्थे उनीहरू आगोलाई त्यतै लैजान्थे। यसरी मानव सभ्यतासँगै आगोको प्रयोगमा व्यापकता हुँदै आएको हो।

यसै कारण कालान्तरमा अग्निपूजाको क्रम पनि चलेको हुनुपर्छ। तर, निरन्तर प्रकाशित रहन मानव मस्तिष्कले सानै भए पनि ज्योति विकासतर्फ महान् आविष्कार गऱ्यो र त्यो नै दियो अर्थात् दीप थियो। फलस्वरूप मानव सभ्यताको विकाससँगै दियोको प्रचलनमा पनि अनेकता देखिन थाल्यो। हाम्रो समाजमा दीपावलीका अवसरमा थरीथरीका बत्तीको प्रयोग हुने गरेको छ। माटोका पालामा तेल हालेर होस् वा सल्लाको दियालो बालेर होस्, महँगा मैनबत्ती होस् वा आकर्षक विभिन्न थरीका बिजुलीबत्ती नै बालेर होस् मानिसहरू दीपावली मनाउँछन्। यसैगरी परापूर्वकालदेखि नै मानिसले दीपावली पर्वलाई समयसापेक्ष रूपमा उज्यालोको व्यवस्था गरी मनाउँदै आएको पाइन्छ। हाम्रो समाजमा कुनै पनि कार्य गर्नुपूर्व दियो बाल्ने गरिन्छ। कुनै पनि कार्य आरम्भ गर्नुभन्दा पहिले दियो बाल्ने चलन हाम्रो संस्कृतिमा आदिकालदेखि नै चल्दै आएको हो। त्यसो त दीपपूजाको प्रचलन सबैभन्दा पहिले अर्थात्



आजभन्दा ४५ सय वर्षपहिले हरप्पा र मोहेन्जोदारोका निवासीले गरेका थिए। विभिन्न दिपोत्पादक साधनको बाहुल्य भएको वैज्ञानिक युगमा पनि दियोको महिमा विशिष्ट छ। दियोले हाम्रो सांस्कृतिक महत्वलाई जीवन्त मात्र नबनाई सांस्कृतिक गरिमासमेत वृद्धि गरेको हुनाले दीपावलीमा यसको विशेष महत्व छ। त्यतिवेलादेखि हालसम्म आइपुग्दा बत्ती बाल्ने दियोका पनि विभिन्न स्वरूपमा विकास र परिमार्जन हुँदै गएको पाइन्छ। सिन्धु घाँटीको सभ्यतामा वर्णन भएअनुसार त्यतिवेलाका दियोहरू माटो या ढुंगाबाट बनेका हुन्थे। त्यतिवेला सिन्धुघाँटीवरपर पाइएका मूर्तिका वरपर दियो जडित हुन्थ्यो। त्यसको ठोस प्रमाण सिन्धु सभ्यताको उत्खनन्बाट प्राप्त भएका दियोबाट बुझ्न सकिन्छ।

त्यहाँ दियोबाहेक कपास काट्ने औजार र तेल हाल्ने भाँडो पनि पाइएका थिए। दीपावली मात्र होइन कुनै मन्दिर वा धार्मिक स्थल वा धार्मिक कार्यमा समेत जताततै हामी दीपमालाको प्रयोग गर्छौं। बत्ती बाल्ने दियोहरू प्रायः तामा काँस, पितलजस्ता धातुका अलावा नरिवल, काठ, माटो एवं ढुंगाबाट पनि तयार गरेको पाइन्छ। कपास वा रेसमको धागोलाई कातेर बनाइएको बत्तीलाई घिउ वा तेलमा भिजाएर बाल्ने गरिन्छ। हिजोआज घरायसी प्रयोजन होस् वा दीपावली होस्, विभिन्न प्रकारका दियो वा दीपहरूको प्रयोग हुने गरेको छ।

ठाउँअनुसार दियोहरू विभिन्न आकृतिमा निर्माण गरिएका पाइन्छन्। स-साना अञ्जुली आकारदेखि लिएर ठूलाठूला पानसजस्ता दियो वा दीपस्तम्भको पनि प्रयोग भएको भेटिन्छ।

नेपालमा मल्लकालभन्दा पहिले नै दीपस्तम्भको प्रचलन भएको पाइन्छ। विभिन्न देवीदेवताका सुन्दर तस्बिर वा कलाकृति कोरिएका रत्न, सुन, चाँदीद्वारा निर्मित दीपस्तम्भलाई त्यतिवेला सभा वा बैठककोठाको शोभा वा आकर्षण नै मानिन्थ्यो। त्यतिवेला प्रचलनमा रहेको चिरागदानी वा दीपस्तम्भलाई वृक्षदीप भनिन्छ। यस प्रकारका दियोहरूलाई विशेष पूजापाठ वा समारोहमा मात्र प्रयोग गरिन्थ्यो।

जुन विभिन्न कलाकारबाट निर्माण गरिएका र विभिन्न आकर्षक कलाकृतिद्वारा सजिएका हुन्थे। मन्दिरतिर राखिने कलशजस्तो आकृतिको दीपलाई बृहदाकार दीप भनिन्छ। जसको प्रयोग हाम्रो समाजमा परापूर्वकालदेखि नै हुँदै आएको पाइन्छ। यसलाई शिखरदीप पनि भनिन्छ। गोलो आकारको तामाद्वारा निर्मित बीचमा बत्ती राखिने एवं वरिपरि प्वाल भएको कारण यसलाई वलयाकृति दीप पनि भनिन्छ। हाम्रो धर्मशास्त्रमा पनि कुनै शुभ कार्य गर्दा दीप बाल्ने गरिन्छ। जसलाई उक्त कार्य सम्पन्न नभईकन निभाइँदैन। यस प्रकारको दीपलाई अखण्ड दीप भनिन्छ। पितृकार्य, श्राद्ध दिवस एवं स्मृति दिवसमा पनि दीप बाल्ने गरिन्छ। यस अवसरमा जुन दीप जलाइन्छ, त्यसलाई पाथेय दीप भनिन्छ।

सृष्टिविज्ञानमा समेत आगो वा दियोको व्यापक महत्व पाइन्छ। वर्तमान अवस्थामा आइपुग्दा त यसको झनै महत्व बढेको छ। दियोको सांस्कृतिक, पौराणिक, धार्मिक गाथा व्यापक पाइन्छ। उज्यालो वा तापका रूपमा प्रयोग हुँदै आएको दियोको प्रयोगलाई लिएर चाडपर्व मनाउनु यसको व्यापक महत्व हुनु नै हो। त्यसो त बिजुली, प्रकाशपुञ्ज एवं विभिन्न दीप उत्पादक साधनको बाहुल्य भएको वैज्ञानिक युगमा पनि दियोको महिमा र गरिमा विशिष्ट खालको छ। दियोले हाम्रो सांस्कृतिक महत्वलाई जीवन्त मात्र बनाएको छैन, सांस्कृतिक गरिमा समेत वृद्धि गरेको छ।

# गायक तथा शिक्षकलाई धेरै हुने आवाजको समस्या 'भोकल फोल्ड नोडुल' के हो ?



डा.सुभाष देवकोटा

'मेरो आवाज परिवर्तन भएको करिब ३-४ महिना भायो। पेशाले म शिक्षिका हुँ। अहिले थोरै समय पढाउदा पनि थकान महसुस हुन्छ। स्वार भासिने गर्छ।' 'म गायक हुँ। मेरो आवाज धोद्रो भएको ६-७ महिना भयो। आजभोलि गित गाउँदा गाउँदै स्वर हराउने अनि एकछिन गाउन आराम गर्नुपर्ने हुन्छ।'

माथिका यी समस्या लिएर बिरामीहरु नाक, कान घाँटीको ओपिडीमा प्रया आउने गर्छन्। अभिव्यक्तिको प्रमुख माध्यम नै आवाज भएकाले पनि आवाजमा थोरै समस्या देखिए पनि मानिसहरु आत्तिने गर्छन्। भिन्न उमेर, लिंग, पेशाका मानिसहरुलाई भिन्न किसिमका आवाज सम्बन्धी समस्या देखापर्दछ। त्यसमध्ये एक हो भोकल फोल्ड नोडुल । गायक- गायिका, शिक्षक- शिक्षिकामा धेरै देखिने भएकाले यसलाई सिंगर नोडुल वा टिचर नोडुल पनि भनिन्छ।

राजनीतिकज्ञ, पत्रकार लगायत तथापी धेरै बोल्नुपर्ने जुनसुकै मानिसलाई पनि यो समस्या देखिन सक्छ। आवाजलाई अप्राकृतिक, असामान्य ढंगले प्रयोग गरिरहेमा मानव स्वर यन्त्रमा सानो गिर्खो देखिन सक्छ। जसलाई मेडिकलको भाषामा भोकल फोल्ड नोडुल भनिन्छ।

**भोकल फोल्ड नोडुल हुने कारणहरू**

- धेरै चिच्याउने,
- चर्को आवाजले बोल्ने,
- खासुखुस गरिरहने बानी,
- मानसिक तनाव,
- एलर्जी,
- ग्याष्ट्राइटिस
- संक्रमण आदी हुन्।

यस्ता लक्षणमा बोली धोन्द्रो हुदै जाने, बोल्दा थकाई लाग्ने, घाँटी खसखस हुने आदी समस्या हुन्छ। नेपालमा आवाजमा हुने समसय मध्ये करिब १४ प्रतिशत व्यक्तिमा यो समस्या रहेको विभिन्न अध्ययनहरुले बताएको छ। यो समस्या वयस्क र त्यसमा पनि महिलाहरुमा बढी देखिने गरेको छ। पेशागत रुपमा शिक्षण, गायन, राजनीतिज्ञ आदीमा यो समस्या बढी देखिएको छ।

**उपचार**

यो समस्याको पहिचानका लागि लक्षणको आधारमा चिकित्सकले घाँटीभित्र पाइपले हेरेर पत्ता लगाउन सकिन्छ। यसको उपचार भ्वाइस थेरापी मार्फत गरिन्छ। त्यस बाहेक संक्रमणको उपचार, ग्यास्ट्राइटिसको उपचार, बोलीमा आराले पनि समस्या हटाउन सकिन्छ । यदी यी उपायबाट पनि समस्या ठिक नभएका अप्रेसन पनि गनुपर्ने हुन्छ। तथापी भ्वाइस थेरापीले नै ८० प्रतिशत समस्या निको भएको पाइन्छ।

**भोकल फोल्ड नोडुलको समस्या हुन नदिन वा समस्या भएमा के गर्ने के नगर्ने ?**

**नगर्ने**

- घाँटी ख्याक्खुक गरेर सफा नगर्ने,
- धेरै नचिच्याने,
- चर्को भाषण नगर्ने।
- खासखुस, काने खुसी नगर्ने,
- व्यायम गरिरहदा नखोक्ने,
- रक्सि, चुरोट नखाने,
- कफि कम खाने,
- सुख्खा हावाबाट बच्ने।

**गर्न हुने**

- पानी पिउने र विस्तारै थुक्ने,
- हम गरेर घाँटीमा अड्केको वस्तुलाई निकाल्ने,
- भिडमा बोल्नुपर्दा माइक प्रयोग गर्ने,
- चर्को स्वरमा बोलाउनुको सट्टा घण्टी वा थपडीको माध्यमबाट बोलाउने,
- आफ्नो नर्मल आवाजमा बोल्ने,
- व्यायाम गरिरहेको समयमा नबोल्ने,
- पानी प्रशस्त्र पिउने,
- धुलोधुँवाबाट बच्ने,
- प्रदुषणबाट बच्न मास्कको प्रयोग गर्ने ।

## यात्रा संस्मरण

# बज्जिकाधामको यात्रा



किशुनदयाल 'श्रीकृष्ण'

आजकल साहित्यकारहरू संघत भएर होला । म पनि पहिलेको तुलनामा बढी घुमकड भए छु क्या रे ! मलाई पनि नयाँ नयाँ ठाउँ हेर्न, त्यहाँको रहन-सहन, भाषा संस्कृति र स्थानीय लोक साहित्य जान मन पर्छ । त्यसमा बज्जिकाको कुरा मात्रै चल्दा म सधैं तयार नै हुने मान्छे परे । यता केही दिन देखि मेरो लागि बज्जिकाका जिवित देवता महाकवि डा. अवधेश्वर अरुण ज्यूको दर्शन गरु-गरु जस्तो भित्रैबाट लागि रहेकै थियो । यस्तै संयोग पनि मिल्यो .....

बज्जिकाको यात्रा १४ अक्टुवर २०२२ को गर्नलाई म र सञ्जय साह 'मित्र' सर बडा दशैंको बिदा सकेपछि कुराकानी गर्न थाली सकेको थिएँ । हामी दुबै जनासँग सर्लाहीबाट मनमोहन सिंह 'मनोहर' र सञ्जय कुमार साह 'सुदामा' जाने जस्तो कुरा चलेको थियो । समय नजिकिदै जादाँ सुदामा जी कार्य व्यस्तताले यात्रामा जान नसकने कुराको मनोहर जीबाट अवगत भयो । मनोहर जी अर्को साथी बज्जिका सम्बृद्धि समाज बकैनिया, गोडैता नपा ९, सर्लाहीका अध्यक्ष जियालाल राय यादव ज्यू जाने कुराको अवगत गराउनु भयो । अब हामी चार जना जाने करिब निश्चित भयो । १२ अक्टुबर २०२२ को बेलुका म र मित्र सर यात्राको लागि तारतम्य मिलाउन भनेर मित्र सरले सामाचार प्रमुखको जिम्मेवारी बहन गरि रहनु भएको रेडियो मधेश मशाला १०६.४ मेगाहर्जको वहाँकै कार्यकक्षमा बोलाउनु भयो ।

हामी कुन सवारी साधनको प्रयोग गरेर संगै जान सकिन्छ भनेर विचार गर्दै थियौं । त्यतिकैमा मेरो जुद्ध माविका नेपाली विषयका गुरु बिन्दा साहनी सर पनि सेवा निवृत पछि बज्जिका साहित्यकाररूसँग भलाखुसारी गर्न रुचाउने भएकोले एक चोटी सोधौ भनेर वहाँको मोबाइलमा फोन गरे ।

"गुरु जी प्रणाम !, १४ अक्तुबर २०२२ के बज्जिका रामायनके लेखक डा. अवधेश्वर अरुणके जन्मदिवस हए, हमनी ओमे सहभागी होए जाइछी, अपनेके अपन समय केना हई?" गुरु जी सहमत हुदैं भन्नु भयो, "बहुत निमन बात कहलाह । बरगिनियासे हर दिन सबेरे ७ बजे रेलगाडी मोज्जफरपुर जालइ, ओहीसे चलम ।" हामी गुरु शिष्यको कुराकानी हाम्रो मातृभाषा बज्जिकामा भएको थियो ।

साहनी गुरु जीको रेलगाडीले मोज्जफरपुर जाने समय सहितको जानकारीले म र मित्र सर धेरै खुशी भयौं । यो खुशीमा अझ मिठास थपन नेपालीय बज्जिकाका स्थम पुरुष बज्जिका भाषा विकास परिषद नेपालका अध्यक्ष शिवचन्द्र साह सरको मोबाइलमा फोन गरे । "सर, प्रणाम ! परसो १४ अक्तुबर २०२२ के बज्जिका यात्रामे डा. अवधेश्वर अरुण जीके जन्मदिवस मनाबे मोज्जफरपुर हमनी, मतलब मित्र सर, बिन्दा साहनी गुरु जी आ सर्लाहीसे मनमोहन सिंह 'मनोहर' आ जियालाल सरके साथे हम श्रीकृष्ण भी रेलगाडीसे जाएके तेयारीमे छी, अपनेके केना हई?" साह सर अति प्रसन्न भावले भन्नु भयो, "ओमे हमहु चलम, ऊ गाडी बहुत निमन हए। रक्सौलसे चलके भारतीय समय सबेरेके ठिक सबा सात बजे आके ७:१८ मे सिर्फ तीन मिनटके बाद चलदेइअ । मोज्जफरपुर ठिक साढे नओ बजे पहुच जाइअ । हम हमेसा पटना ओहीसे जाइ छी ।" यो फोनवार्ता पनि मातृभाषा बज्जिकामै भयो ।

१४ अक्टुबर शुक्रबारको दिन हिनको झिसमिसेमा पैने पाँच बजे म तयार भएर मित्र सरको ढोकामा पुगेंर सरकै नेटको सहयोगले फोन गरे तर सर करिब बिस मिनेट पछाडी पाँच पाँचमा ढोका खोल्नु भयो । हामीसँग आज चिया पनि खाने फुर्सद थिएन । 'बज्जी' साहित्यिक त्रैमासिक पत्रिकाको अंक सात र 'बज्जिकार्पण' साहित्यिक पत्रिकाको अंक २६ दुवै जना आवश्यक मात्रामा बोकी मोटरसाइकल चढी हिड्यौं ।

ठिक पौने छ बजे हाम्रो मोटरसाइकल साहनी गुरु जीको रौतहट जिल्लाको सदरमुकाम गौर निवासमा पुग्यो । गुरु जी पनि तयारी अवस्थामै होइसिन्थ्ययो । रात्री बास पनि हुन सक्छ भनेर केही आवश्यक लुगा-कपडा ली हाल्न अनुरोध गरे । म गाडीको साँचो र हेलमेट राख्न गुरु जीको दोश्रो तल्लाको बरामदामा राखी फर्के ।

गौर बजारको बस्ती बिस्तार बि.स. २०५१ सालको तुलनामा धेरै भएको मलाई अनुभुति भयो । हामी तीनै जना बिहानको मौर्निङ्ग वाक् गर्दै नेपाल भारतको सिमाना गौर भन्सारमा पुग्दा भन्सारको ढाठ खुल्यो । भारततिरको बैरगनिया भन्सारमा पुग्दा त्यसको ढाठ खुल्ने बेला भएको थिएन । साइडको चेकिङ्ग पोष्ट हुदै हामी बैरगनिया बजार पुग्दा बिहानको पौने सात बजे पनि बजार सुनसान थियो । पसलहरू छिटै खुल्ने छाट्काट् नदेखिए पनि नेपालीसँग भारतीय रुपैयाँ सटही गर्ने पसल भने खुल्ला थियो । हामीलाई आवश्यक पर्ने भारतीय रुपैयाँ साटी रेलवे स्टेशन तिर लाग्यौं ।

हामीले चढने रेल रक्सौलबाट हिडेर सितामढी, मुज्जफरपुर, पाटलीपुत्र हुदै दानापुरसम्म जाने रहेछ । गाडी आफ्नो निर्धारित समयमै आउने पुष्ट जानकारी पछि म हामी तीनजनाको लागि बैरगनिया देखि मुज्जफरपुरसम्मको टिकट पचास भारतीय रुपैयाँका दरले एक सय पचासमा तीन टिकट किन्नेर चिया पसलमा चिया खान बसे । उता सर्लाहीका मनोहर सर र जियालाल सर हामी भन्दा एक टिसन अगाडी चढने तर त्यहाँ एक मिनेट मात्र रेल रोक्ने भएकाले वहाँ दुई जनाको पनि टिकट काटन अनुरोध भयो । यस पाली मित्र सर बाँकी तीन जनाको टिकट कटाएर चिया पसलमा आउनु भयो । भारतीय समय सात नबजदै हाम्रो अगाडी शिवचन्द्र सर आफ्नो सुपुत्रको साथ स्कुटीबाट आई पुग्नु भयो ।

अहिले भारतीय रेलगाडीको समयमा धेरै सुधार भएको मैले पाएँ । गाडी आफ्नो निर्धारित समय भन्दा तीन-चार मिनेट अगाडी नै आएर त्यसतै तीन मिनेटको छोटो बिश्राम पछि हिड्यो ।

केही समयको अन्तरालमा ढेंग स्टेशन आयो । हाम्रा दुई बुजुर्ग प्रतिक्षामा भेटिनु भयो । अब हाम्रो छौ जनाको बज्जिका जथा पूर्ण भयो । रेलगाडी चढ्ने यात्रीको अलि भिड थियो । हामी जवानले सीट नपाए पनि हाम्रा बुजुर्ग ज्यूहरू पाउँनु भयो । मेरा सबै अग्रजहरू सामुहिक खर्च गर्न भनेर कोष खडा गरि मलाई चलाउने जिम्मेवारी दिनु भयो । रेल सितामढी, डुमरा, रुनीसैदपुर, गढा हुदै निर्धारित समय साढे नौ बजे मुज्जफरपुर जक्शनमा पुऱ्यायो ।

साहनी गुरु जीको अगुवाइमा मुज्जफरपुर रेलवे स्टेशनको छेउमै रहेको पाण्डे ढावा र रेस्टुरेन्टमा बहुत स्वादिलो, मिठो खाना प्रति व्यक्ति मात्र अस्सी रुपैयाँमा संतुष्टिपूर्ण खाना खाइयो । एक सय रुपैयाँमा एउटा इ-रिक्सा रिजर्भ गरि आमगोलामा रहेको पडावपोखर टोलको लेन नम्बर तीन डा. अवधेश्वर अरुण मार्गबाट महाकवि ज्यूको निवास स्थान अरुणेश्वर बज्जिकाधाममा सवा एघार बजे पुग्यौं । सभागार बैनर, बैलुन, फूलमालाले सजाइएको थियो ।

कार्यक्रम थियो 'बज्जिका रामाएन'का लेखक जो औपचारिक विश्वविद्यालयबाट प्राप्त हुने सबभन्दा माथिलो डिग्री अंग्रेजी भाषा विज्ञानबाट डिलिट उपाधि प्राप्त महाकवि पुज्य डा.अवधेश्वर अरुणको चौरासीऔं जन्मोत्सवको उपलक्ष्यमा "बज्जिका दिवस एवं महाकवि अवधेश्वर अरुण सम्मान समारोह २०२२" । कार्यक्रमका प्रमुख अतिथि श्री देवेन्द्र राकेश (राष्ट्रिय अध्यक्ष बज्जिकांचल विकास पार्टी) अध्यक्षता डा. रामेश्वर प्रसाद, यो कार्यक्रममा 'महाकवि अवधेश्वर अरुण सम्मान २०२२'बाट सम्मान र आशिर्वाद पाउँनेमा नेपालीय बज्जिकाका साधक गोरखापत्र दैनिक नयाँ नेपाल बज्जिका पृष्टका संयोजक सञ्जय साह 'मित्र' बज्जिका भाषा र साहित्यको क्षेत्रमा विकास, अनुसंधान, विस्तार गरेकामा संस्कार भारती, उत्तर बिहार शाखाको अध्यक्ष संजीव कुमारको हाथबाट ग्रहण गर्नु भयो । सम्मानमा दोसल्ला, पूज्य महाकवि ज्यूको तस्बिर अंकित ट्रफी र सम्म्मान पत्र सामेल थियो । त्यस्तै डा. संजय पंकज जीको हाथबाट अखौरी चन्द्रशेखर ज्यूले सम्मान ग्रहण गर्नु भयो भने डा. विद्या चौधरी पनि सम्मानित हुनु भयो । यस सभामा विशिष्ट अतिथि पूर्व विधायक केदार जी, नेपालबाट शिवचन्द्र साह, बिन्दा साहनी, मनमोहन सिंह मनोहर, जियालाल राय यादवका साथै यस समारोहमा श्रीमती वीणा अरुणका साथै स्थानीय गणमान्य व्यक्तिवको उपस्थिति थियो । कार्यक्रम संचालन डा. रणवीर कुमार राजन जीले गर्नु भयो । आयोजक डा. यशवंत कुमार (सचिवः तथागत सांस्कृतिक फाउन्डेशन) र कुमार आदित्य (सचिवः अरुणादित्य ट्रस्ट) रहेको थियो ।

कार्यक्रममा चिया, पानी र खाजाको राम्रो प्रबन्ध थियो । कार्यक्रम पछि बिशेष गरि हामी नेपाली टोलीलाई महाकवि ज्यूको निवासको रसोइमा पकाइएका पुरी, जेरी, तरकारी, अचार आदिको महाप्रसादका साथै केही बज्जिका साहित्यसँग सम्बन्धित पुस्तकहरू ग्रहण गर्ने अवसर प्राप्त भयो । करिब पौने पाँच बजे हामी अरुणेश्वरधामबाट घर फर्किने रेलगाडी चढ्न रेलवे स्टेशन हिड्यौं । साढे पाँच बजे हाम्रो लागि फिर्ती रेलगाडी हिड्यो ।

यस पाली हामी सबै जना सीट पायौं । यात्रा भरी धेरै रमाइला कुराकानी भयो ।बिन्दा साहनी गुरु ज्यूको विश्वेश्वरप्रसाद कोइरालाद्वारा लिखित 'दोषी चश्मा' बज्जिकानुवाद कहिले प्रकाशन गर्ने बारेमा कुराकानी भयो । सर्लाहीका दुबै जना सरहरू सितामढी रात्री बास बस्ने गरि हामीबाट छुट्टिनु भयो । पौने आठ बजे बैरगनिया ल्याइ पुऱ्यायो । सबा आठ बजे नेपाली गुरु ज्यूको गोर निवासबाट मोटरसाइकलमा म र मित्र सर घरतिर लाग्यौं ।

# 'चुनावलाई राष्ट्र निर्माणमा ऐतिहासिक अवसरका रूपमा लिनुपर्छ'



काठमाण्डु । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष राजेन्द्र लिङ्देनले मुलुकमा विकास र जनतालाई समृद्धिको बाटोमा लैजान मतदाताले जनउत्तरदायी नेतृत्व निर्वाचित गर्नुपर्ने बताउनुभएको छ ।

पार्टीको २१ वडा एकाइद्वारा तिहार, नेपाल संवत् र छठपर्वका अवसरमा आयोजित शुभकामना आदान-प्रदान कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले मुलुक निर्माणका लागि इमान र त्यागको राजनीतिको खाँचो औँल्याउँनुभयो । उहाँले भन्नुभयो“ निर्वाचनमा जनताले गर्ने विवकपूर्ण निर्णयले देश विकास जनताको आर्थिक रुपान्तरण सम्भव छ । चुनावलाई राष्ट्र निर्माणमा ऐतिहासिक अवसरका रूपमा लिनुपर्छ ।”

पार्टीका सहमहामन्त्री एवं काठमाडौँ निर्वाचन क्षेत्र नं ८ का प्रतिनिधिसभा सदस्यका उम्मेदवार प्रकाश रिमालले नेपाली राजनीतिमा अहिले बलियो राष्ट्रवादी शक्तिको आवश्यकता रहेको बताउँदै आगामी मङ्सिर ४ गते हुने प्रदेश तथा प्रतिनिधिसभाको निर्वाचनमा जनताले राष्ट्रवादी शक्तिलाई मतदान गर्ने विश्वास व्यक्त गर्नुभयो ।


काठमाण्डु निर्वाचन क्षेत्र नं ९ का प्रतिनिधिसभा सदस्यका उम्मेदवार तथा केन्द्रीय सदस्य देवेन्द्र प्रधानले विभिन्न पर्वका अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपालीलाई शुभकामना व्यक्त गर्दै पार्टीले अवलम्बन गरेका नीति तथा कार्यक्रमका कारण अहिले देशभर जनताको पार्टीप्रति आकर्षण बढेको विचार व्यक्त गर्नुभयो ।रासस

# संविधान जोगाउन गठबन्धन बनेको हो : प्रधानमन्त्री देउवा

सुदूरपश्चिम । नेपाली कांग्रेसका सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवाले संविधान, लोकतान्त्रिक गणतन्त्र, सङ्घीयता बचाउन र विकास तथा समृद्धिका लागि पाँच दलीय गठबन्धन बनेको बताउनुभएको छ ।

पाँच दलीय गठबन्धन दलद्वारा आइतबार धनगढीमा आयोजित सुदूरपश्चिम प्रदेशस्तरीय संयुक्त प्रशिक्षण भेलामा प्रधानमन्त्री देउवाले आउँदो चुनाव संविधान रहने कि नरहने तथा सङ्घीयताको संस्थागत विकास हुने नहुने विषयसँग जोडिएकोले संविधान र सङ्घीयताका पक्षमा एकताबद्ध भएर लाग्न निर्देशन दिनुभयो । प्रधानमन्त्री देउवाले गठबन्धनलाई पूर्ण रुपमा अगाडि बढाउँदै चुनावपछि पनि गठबन्धनकै सरकार र गठबन्धनकै वर्चश्व हुने गरी लाग्न निर्देशन दिनुभयो । देउवाले भन्नुभयो, “देशको विकास र समृद्धिका लागि गठबन्धन आवश्यक छ, पाँच दलीय गठबन्धनको मर्मअनुसार हिँड्न जरुरी छ ।” प्रधानमन्त्री देउवाले सुदूरपश्चिम प्रदेशबाट अघिल्लो निर्वाचनमा कांग्रेसको तर्फबाट आफू एक जनामात्र विजयी भएको प्रङ्सँग उल्लेख गर्दै अहिले गठबन्धनमा रहेका दलहरुको सहयोगमा आफू प्रधानमन्त्री बन्न पाएको उल्लेख गर्नुभयो ।

उहाँले गठनबन्धन गरेर चुनावमा जानुपर्ने परिस्थितिमा आउने चुनावमा सबैलाई टिकट दिने स्थिति नरहेको बताउँदै अहिले टिकट नपाएर अन्यायमा परेको भनिएकालाई चुनावपछि बन्ने गठबन्धनको सरकारले नयाँ अवसर दिने अश्वासन दिनुभयो ।



नेकपा (माओवादी केन्द्र)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले विशिष्ट परिस्थितिमा गठबन्धन निकै ठूलो सङ्घर्षपछि बनेको भन्दै संविधान, लोकतन्त्र, समावेशी समानुपातिकको उपलब्धि धरापमा पर्ने खतरा पैदा भएकोले संविधान, लोकतन्त्र, परिवर्तनको रक्षा गर्दै देशलाई विकास र समृद्धिमा लैजान गठबन्धन गरिएको बताउनुभयो ।

अहिले देशमा अर्को पनि गठबन्धन बनेको उल्लेख गर्दै उहाँले भन्नुभयो,“त्यसको विचार उद्देश्य, संस्कार, संस्कृति छ ,त्यसले कहींनकहीं यो संविधानलाई डिरेल गर्ने, गणतन्त्रलाई उल्ट्याउने र सङ्घीयतालाई कमजोर पार्ने छ , त्योसँग हाम्रो बहस भइरहेको छ ।” देशमा सात सालदेखि महत्वपूर्ण राजनीतिक परिवर्तन भए पनि राजनीतिक परिवर्तनसँगै आर्थिक परिवर्तन र सुशासनका लागि गर्नुपर्ने काम नहुँदा केही वर्षपछि राजनीतिक परिवर्तन पातलिँदै जाने र जनतामा निराशा बढ्दै गएको देखिएको भन्दै उहाँले भन्नुभयो,“यो गठबन्धन विजयी भएपछि आर्थिक विकास र समृद्धिको यात्रालाई अघि बढाएर राजनीतिक परिवर्तनलाई दिगो बनाउन सकिन्छ ।”

नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले गठबन्धनमा आवद्ध दलले समयमै कदम नचालेको भए राजनीतिक परिवर्तनपछि प्राप्त उपलब्धि सकिने भई देश पश्चगमनमा जाने खतरा थियो भन्नुभयो । पाँच दलीय गठबन्धनको प्राकृतिक र पवित्र उद्देश्य रहेको भन्दै उहाँले भन्नुभयो,“अपवित्र उद्देश्य राखेर गरिने गठबन्धन अस्वभाविक रहेको छ ।”

राजनीति, राज्यसत्ता, समाज र पार्टीमा रहेका विकृति विसङ्गति हटाउन गठबन्धन बनाउनु परेको बताउँदै नेपालले भन्नुभयो,“लोकतन्त्र र गणतन्त्रमा अझैँ खतरा रहेकोले आउने चुनावमा प्रतिगामी शक्तिलाई पराजित गरेर अग्रगमनकारी शक्तिलाई विजयी बनाउनुपर्छ ।” नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले संविधानलाई क्षतविक्षत् पार्ने प्रपञ्चकाविरुद्धमा यसको रक्षाका निम्ति यो गठबन्धन अभियान थालिएको बताउनुभयो ।

उहाँले भन्नुभयो, “यो चुनावी अभियान मात्र नभई राष्ट्रलाई सङ्कटबाट जोगाउने संविधान र परिवर्तनलाई रक्षा गर्ने महाअभियान हो । उहाँले संविधानमाथि भइरहेको आक्रमणमा गम्भीर र सचेत हुनुपर्ने बताउनुभयो ।

राष्ट्रिय जनमोर्चाका कार्यकारी अध्यक्ष रश्मिराज नेपालीले संविधानको रक्षाका लागि गठबन्धन भएको बताउनुभयो । उहाँले प्रतिगमनको खतरा देखिएपछि आफ्नो पार्टी गठबन्धनमा लागेको बताउनुभयो ।रासस

# प्रहरीलाई आइपर्ने हर चुनौतीमा सरकारको पूर्ण साथ छ : गृहमन्त्री

काठमाण्डु । गृहमन्त्री बालकृष्ण खाणले कानुनले तोकेका जिम्मेवारी निर्वाह गर्ने क्रममा प्रहरीलाई आइपर्ने हर चुनौतीमा नेपाल सरकार र गृह मन्त्रालयको पूर्ण साथ रहने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्जमा आइतबार आयोजित प्रहरी निरीक्षक आधारभूत तालिम १-१८१औँ (पोष्ट ग्र्याजुएट डिप्लोमा इन पुलिस साइन्स १२ औँ) समूहको दीक्षान्त समारोहमा उहाँले तालिमका दौरान प्रशिक्षार्थीले बगाएको पसिनाले भोलिका दिनमा फिल्डमा आउनसक्ने हर चुनौतीको सामना गर्न सफल र सक्षम हुने विश्वास व्यक्त गर्नुभयो ।

गृहमन्त्री खाणले तालिममा सिकेका सीपमार्फत अपराध नियन्त्रण र अनुसन्धान क्रममा आउने अवरोधहरूलाई परिणाममुखी बनाउन सफल हुने अपेक्षा रहेको उल्लेख गर्नुभयो । कठिन र चुनौतीपूर्ण घडीमा राष्ट्रले सुम्पेका हर जिम्मेवारीलाई नेपाल प्रहरीले कुशलतापूर्वक निर्वाह गर्दै आएको बताउँदै उहाँले दीक्षित हुने अधिकृतहरू हरेक जिम्मेवारी व्यावसायिकतापूर्वक निर्वाह गर्दै नागरिकलाई महसुस हुने गरी सेवा प्रदान गर्न सफल हुने बताउनुभयो ।

गृहमन्त्री खाणले प्रहरीका तालिममा आवश्यकताअनुरूप बजेट विनियोजन हुँदै आएको तथा विकसित चुनौतीको सामना गर्न सक्षम जनशक्तिको विकास गर्न सङ्गठनले थप नयाँ तालिमको महसुस गरेमा नेपाल सरकार र गृह मन्त्रालय सकारात्मक रहेकोसमेत उल्लेख गर्नुभयो ।



समारोहमा गृहमन्त्री खाणले तालिममा सर्वप्रथम हुन सफल प्रशिक्षार्थी प्रहरी निरीक्षक कैलाश लिम्बूलाई स्व कुलानन्द स्मृति पुरस्कार प्रदान गर्नुभयो । साथै उहाँले सर्वद्वितीय प्रशिक्षार्थी प्रहरी निरीक्षक आदर्श गिरी, सर्वतृतीय प्रशिक्षार्थी प्रहरी निरीक्षक आशिष पोखरेल, अध्ययन प्रथम प्रशिक्षार्थी प्रहरी निरीक्षक गोविन्दप्रसाद भण्डारी, कवाज प्रथम प्रशिक्षार्थी प्रहरी निरीक्षक अभय लामा, मस्केट्री तथा चाँदमारी प्रथम प्रशिक्षार्थी प्रहरी निरीक्षक पूर्णबहादुर केसी र शारीरिक व्यायाम र प्रहरी युक्ति तथा कारबाही प्रथम प्रशिक्षार्थी प्रहरी निरीक्षक सनम मल्ललाई पुरस्कार प्रदान गर्नाका साथै उत्कृष्ट प्रशिक्षकहरूलाई समेत पुरस्कार प्रदान गर्नुभयो ।

समारोहमा धन्यवाद ज्ञापन गर्दै प्रहरी महानिरीक्षक धिरजप्रताप सिंहले नेतृत्व विकास प्रहरी निरीक्षक तालिमको अभिन्न अङ्ग रहेको चर्चा गर्दै यस तालिमले दीक्षित हुने प्रशिक्षार्थीहरूको नेतृत्व क्षमतालाई अभिवृद्धि गरी कठिन समयमा उपयुक्त निर्णय लिने मात्र नभई आफू मातहतका दर्जालाई उत्प्रेरित गरी तोकिएको जिम्मेवारी सम्पन्न गर्ने क्षमता प्रदान गरेको विश्वास व्यक्त गर्नुभयो । समाज र आम नागरिकले प्रहरीबाट उच्च अपेक्षाहरू गरेको बताउँदै प्रहरी महानिरीक्षक सिंहले विवेकसम्मत भई व्यावसायिकता अङ्गीकार गरेमा मात्र आम नागरिकका जायज तथा कानुनसम्मत अपेक्षा पूरा गर्न सकिने उल्लेख गर्नुभयो । व्यावसायिक उत्कृष्टता, निष्ठा र इमानदारीको उच्चतम् स्तर कायम गरी कार्यक्षेत्रमा आफूलाई प्रस्तुत गर्न दीक्षित हुने प्रशिक्षार्थीहरूलाई उहाँले निर्देशन दिनुभयो । कानुनले निर्दिष्ट गरेको गरेको परिधिभित्र रही अपराध अनुसन्धान र कानुन कार्यान्वयनमा कठोरता अपनाउन एवम् गैरकानुनी तथा आपराधिक क्रियाकलापविरुद्ध थप निर्मम हुनसमेत उहाँले निर्देशन दिनुभयो । समारोहमा त्रिभुवन विश्वविद्यालय व्यवस्थापन सङ्कायका सहायक डिन सह-प्राडा हरिप्रसाद अधिकारीले पिजिडिपिएस कार्यक्रमले प्रहरी कर्मचारीहरूलाई अनुशासन र शिक्षा विकास गर्न प्रश्रय दिएको बताउनुभयो ।

प्रहरी सङ्गठनको आवश्यकतानुसार पिजिडिपिएस कार्यक्रमलाई समयानुकूल परिमार्जन गर्दै लैजानुपर्ने उल्लेख गर्दै सङ्गठनको सेवालाई थप चुस्त र दुरुस्तरूपमा कार्य सम्पादन गर्नका लागि प्रहरी कर्मचारीहरूमा प्रतिबद्धता, निरन्तरता र समन्वय आवश्यक रहेको चर्चा गर्नुभएको समारोहमा प्रतिष्ठानका कार्यकारी निर्देशक प्रहरी अतिरिक्त महानिरीक्षक सहकुलबहादुर थापाले शब्दोच्चारणद्वारा प्रशिक्षार्थीलाई शपथग्रहण गराउनाका साथै स्वागत मन्तव्य व्यक्त गर्नुभयो । उहाँले तालिमसम्बन्धी जानकारी दिँदै २०७८ साउन १३ गतेदेखि सुरु भएको त्रिभुवन विश्वविद्यालयको सम्बन्धनमा सञ्चालित पोष्ट ग्र्याजुएट डिप्लोमा इन पुलिस साइन्स समावेश भएको उक्त तालिममा १४ महिलासहित कूल एक सय ४६ जना प्रहरी निरीक्षक सहभागी भएकामा सबै जनाले सफलतापूर्वक तालिम हासिल गरेको बताउनुभयो ।

प्रशिक्षार्थीले कवाज प्रदर्शन तथा नेपाल प्रहरी सङ्गीत विद्यालयद्वारा साङ्गीतिक धुन प्रस्तुत गरिएको उक्त समारोहमा दीक्षित प्रहरी निरीक्षकलाई आ-आफ्ना अभिभावकले दर्ज्यानी चिह्न सुशोभन गर्नुभएको थियो । दीक्षान्त समारोहमा महान्यायाधिवक्ता खम्मबहादुर खाती, गृहसचिव विनोदप्रकाश सिंहका साथै सशस्त्र प्रहरी महानिरीक्षक, राष्ट्रिय अनुसन्धान विभागका मुख्य अनुसन्धान निर्देशक, पूर्वप्रहरी महानिरीक्षकहरु, प्रतिष्ठानका पूर्वकार्यकारी निर्देशक तथा समादेशक, नेपाली सेना तथा सशस्त्र प्रहरी बलका वरिष्ठ अधिकृतहरु, प्रहरी नायब महानिरीक्षकहरु तथा वरिष्ठ अधिकृतहरु, सञ्चारकर्मीहरु, प्रशिक्षार्थीहरुका अभिभावकहरु तथा अन्य आमन्त्रित महानुभावहरुको उपस्थिति रहेको थियो ।रासस

# काठमाण्डु क्षेत्र नं ९ मा ४२ प्रतिस्पर्धीमध्ये सात महिला

काठमाण्डु । मंसिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा काठमाण्डु क्षेत्र नं ९ मा ४२ जनाको उम्मेदवारी परेको छ । त्यसमध्ये स्वतन्त्रबाट १६ र विभिन्न राजनीतिक दलबाट २६ जनाको उम्मेदवारी परेको काठमाडौँ जिल्ला निर्वाचन अधिकारी ठाकुरप्रसाद अधिकारीले जानकारी दिनुभयो ।

अधिकारीको अनुसार प्रतिनिधिसभा एक सदस्यका लागि काठमाण्डु क्षेत्र नं ९ बाट २२ उम्मेदवार चुनावी मैदानमा उत्रिएका छन् । त्यसमध्ये दलबाट १२ र स्वतन्त्रतर्फबाट १० उम्मेदवारी परेको छ । तीमध्ये महिला उम्मेदवारको सङ्ख्या पाँच र पुरुष उम्मेदवारको सङ्ख्या १७ रहेको छ । यसैगरी काठमाण्डु क्षेत्र नं ९ मा प्रदेशसभामा दुई पदका लागि २० उम्मेदवार प्रतिस्पर्धामा छन् ।

प्रदेशसभा (क) मा दलका तर्फबाट सात र स्वतन्त्र उम्मेदवार तीन गरी १० उम्मेदवार रहेको अधिकारीले बताउनुभयो । त्यसमा महिला उम्मेदवारको सङ्ख्या दुई र पुरुष उम्मेदवारको सङ्ख्या आठ रहेको छ । प्रदेशसभा (ख) मा दलको तर्फबाट सात र स्वतन्त्र तीन गरी दश जनाको उम्मेदवारी परेको छ ।

तीमध्ये दशौँजना पुरुष उम्मेदवार प्रतिस्पर्धामा रहेका छन् । काठमाडौँ क्षेत्र नं ९ बाट ३५ पुरुष र सात महिला उम्मेदवार चुनावी मैदानमा उत्रिएका छन् । उक्त क्षेत्रमा जम्मा ७२ हजार एक सय ७३ मतदाता रहेका छन् । त्यसमध्ये प्रदेश (क) मा कूल ३७ हजार एक सय र प्रदेश (ख) मा ३५ हजार ७३ मतदाता रहेका छन् ।

काठमाण्डु क्षे त्र नं ९ मा ३४ मतदानस्थल तोकिएको छ भने ८५ मतदान केन्द्र निर्धारण गरिएको छ । उक्त क्षेत्रमा काठमाण्डु महानगरपालिकाका चार, चन्द्रागिरी नगरपालिकाका पाँच र नागार्जुन नगरपालिकाका पाँच वडा समेटिएका छन् ।

यो क्षेत्रमा काठमाण्डु महानगरपालिकाका वडा नं १२, १४, २१ र २२ तथा चन्द्रागिरि नगरपालिकाका वडा नं १, १२, १३, १४, १५ र नागार्जुन नगरपालिकाका वडा नं ६, ७, ८, ९, १० छन् ।रासस




## Invitation for Bid

Aasaman Nepal
✓Education
✗ Child Labor

**Aasaman Nepal (ASN)**

**Janakpurdham, Dhanusha, Nepal**

**Published on October23, 2022**

**Program Title: NRK Telethon-Child, Not Bride**

Aasaman Nepal (ASN) in support of Plan International Nepal invites sealed bids from eligible and qualified bidders for Vocational Training and Business Establish Work in Dhanusha district. Interested bidders may obtain the bid documents from Aasaman Nepal, at the address given below.

| S.N. | Description | Number |
|---|---|---|
| 1 | Training Materials (Mithila Art-4, Boutique-11, Beautician-2, Computer operator-7 and Doll-Cushion-3 Total- 27 person | 5 Types Training |
| 2 | Business Goods and Materials (Cloth-2, Cosmetic-8, Kirana-7, Tailor-8, Stationary-2, Fish Farming-2, Goat Farming-3, Snacks/Fast food-1 Total-33 person | 8 Trade Business |

1. Bidders are required to provide 2.5% bid security in bank guarantee along with the bid document upon submission and an additional 2.5% bank guarantee on the award of a contract.
2. Bid can be submitted separate training and Trade
3. Bid must be submitted to the address given below, before 6th November 2022by 4.00 PM. Bids will be opened at Aasaman Nepal, Ramanand Chowk, Janakpurdham at 1:00 PM on 7th November 2022.

**Note:**


1. ASN reserverights to accept or reject any/all tender document without necessary reason.
2. ASN Office shall remain closed for 24th October to 27thOctober 2022
3. Separate bids may be submitted for training and trade materials supply.

| Bid form can be obtained from | Bid form must be submitted to |
|---|---|
| Aasaman Nepal, Mahalaxmisthan, Lalitpur, 01-5171649 or, Aasaman Nepal Ramanand chowk, Janakpurdham 041-522473 | Aasaman Nepal, Mahalaxmisthan, Lalitpur, 01-5171649 or, Aasaman Nepal Ramanand chowk, Janakpurdham 041-522473 |


# सामुदायिक विद्यालयमा डिजिटल शिक्षणका लागि सम्झौता

काठमाण्डु । सामुदायिक विद्यालयमा डिजिटल शिक्षण पद्धति विकास गर्न काठमाडौँ महानगर र डिजिटल एन्ड वियोन्ड प्रालिबीच सम्झौता भएको छ ।

शिक्षा विभागका प्रमुख रामप्रसाद सुवेदी र वियोन्डका प्रमुख कार्यकारी निर्देशक सगुन ढुङ्गानाबीच उक्त सम्झौता पत्रमा हस्ताक्षर भएको हो । सम्झौताअनुसार, आगामी २ वर्षका वियोन्डले महानगरलाई गुगलबाट शैक्षिक क्रियाकलाप गर्न प्राप्त हुने सुविधा, सञ्चालन र व्यवस्थापनका लागि तालिमलगायत सहयोग सेवा निःशुल्क उपलब्ध गराउनेछ । वियोन्ड गुगलको नेपाल र दक्षिण एसियाली साझेदार संस्था हो ।



सामुदायिक विद्यालयमा शिक्षण र सिकाइका लागि शिक्षकको डिजिटल क्षमता विकास गर्ने, विद्यार्थीलाई पढाउने, शिक्षण सिकाइ व्यवस्थापनलाई प्रविधिमैत्री बनाउनेलगायत काम हुनेछन् । सो अवसरमा महानगरकी उपप्रमुख डङ्गोलले डिजिटल प्रविधि प्रयोगको प्रत्यक्ष लाभ विद्यार्थीको शैक्षिक तथा मानसिक विकासमा हुनुपर्ने बताउनुभयो ।

कार्यक्रममा सहभागी वक्ताले काठमाडौँ महानगरमा भएका सामुदायिक विद्यालयमा अध्ययन गर्ने ५० हजार विद्यार्थीको पहुँचमा एकै पटक डिजिटल साक्षरताको पहुँच पुऱ्याउनुपर्ने आवश्यकतामा जोड दिनुभयो । वियोन्डका प्रमुख कार्यकारी निर्देशक ढुङ्गानाले सिकाइलाई आवश्यक पर्ने सामग्रीमा दबाब सिर्जना नगरी जटिल र सिर्जनशील सोच्न सक्ने बनाउन कार्यक्रम सञ्चालन गरिने बताउनुभयो ।रासस

# 'भ्रष्टाचार नियन्त्रण र सुशासन कायम कुनै कसर बाँकी नराख्ने'

काठमाण्डु । नेपाली कांग्रेसका नेता प्रकाशमान सिंहले भ्रष्टाचार निर्मूल गर्नुपर्ने नागरिकको चाहाना पूरा गर्ने आफ्नो पहिलो दायित्व भएको बताउनुभएको छ ।

आइतबार आयोजित चुनावी कार्यक्रममा उहाँले मुलुक निर्माण आफ्नो पहिलो प्राथमिकतामा रहेको उल्लेख गर्दै भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्न कुनै कसर बाँकी नराख्ने बताउनुभयो ।

नेता सिंहले प्रशासनिक प्रक्रियामा झन्झटिलो रहेको, समयमा कहीँ काम नहुने गरेको भन्ने जनताको गुनासोको अन्तः गर्नु आफ्नो प्राथमिकता रहेको बताउनुभयो । राजनीतिक स्थायित्वले मात्र सुशासन कायम हुने र विकास निर्माणको प्रक्रियामा अगाडि बढ्ने उहाँको भनाइ थियो ।

आगामी निर्वाचन मुलकमा राजनीतिक स्थिरता कायम गराउने र अस्थिरता चाहनेबीचको प्रतिस्पर्धा भएको उल्लेख गर्दै नेता सिंहले युवामा आशा जगाउन मुलुकभित्र काम गरेर घरपरिवारमा रमाउने वातावरण निर्माणमा जोड दिनुभयो ।

काठमाण्डुको मुख्य समस्या खानेपानी, फोहर व्यवस्थापन, ट्राफिक जामलगायत न्यूनतम आधारभूत समस्याको समाधानका लागि काम गर्ने योजनासहित आफू जनतामाझ आइरहेकाले विवेकपूर्ण निर्णय गर्न आममतदातालाई उहाँले आग्रहसमेत गर्नुभयो ।रासस

# सी चिनफिङ तेस्रो कार्यकालका लागि निर्वाचित

सिन्ह्वा

बेइजिङ। चिनियाँ कम्युनिष्ट पार्टी (सीपीसी) को २० औँ केन्द्रीय समितिको आइतबार सम्पन्न बैठकले सी चिनफिङलाई महासचिवमा तेस्रो कार्यकालका निम्ति सर्वसम्मत चयन गरेको छ।

तत्कालीन राष्ट्रपति माओत्सेतुङले चिनियाँ कम्युनिस्ट पार्टी स्थापना गरेयता चीनका सबैभन्दा प्रभावशाली नेतामध्ये एकका रूपमा देशको शीर्ष नेताको रूपमा अभूतपूर्व तेस्रो कार्यकाल सम्हाल्नुहुने भएको छ।

चिनियाँ कम्युनिष्ट पार्टी (सिपिसी) को २०औँ केन्द्रीय समितिको आइतबार सम्पन्न पहिलो पूर्ण अधिवेशनमा सी चिनपिङ महासचिवमा निर्वाचित हुनुभएको र उहाँले राष्ट्रपतिको जिम्मेवारीसमेत सम्हाल्नुहुनेछ।



सीको अध्यक्षतामा भएको उक्त सत्रमा चिनियाँ कम्युनिष्ट पार्टीको २०औँ केन्द्रीय समितिका २०३ सदस्य र १६८ वैकल्पिक सदस्यको सहभागिता थियो। उक्त सत्रमा सीलाई सीपीसी केन्द्रीय सैन्य आयोगको अध्यक्षमा पनि नियुक्त गरिएको थियो। एक हप्ता लामो बैठकपछि पाँच वर्षमा एक पटक सम्पन्न भएको राष्ट्रिय महाधिवेशन सम्पन्न भएको छ।

सीपीसीको सूचीकृत २०५ सदस्यमध्ये ११ जना मात्र महिला रहेका छन् । सीपछिका दोस्रो शक्तिशाली अधिकारीका रूपमा हेरिँदै आएका चिनियाँ प्रधानमन्त्रीलाई नयाँ केन्द्रीय समितिमा समावेश गरिएको छैन । जसको अर्थ लीले आफ्नो पार्टी भूमिकाबाट विदा दिनुहुने भएको छ।

# पहिलो महिला प्रधानमन्त्रीका रूपमा सपथ

एएफपी

रोम। जर्जिया मेलोनीले आइतबार औपचारिक रूपमा इटालीको पहिलो महिला प्रधानमन्त्रीको रूपमा पदभार ग्रहण गर्नुभएको छ। चार हप्ता अघि उहाँको दक्षिणपन्थी पार्टीले आम चुनावमा जित हासिल गरेपछि उहाँ प्रधानमन्त्री चुनिनु भएको हो।

रोममा आयोजित एक समारोहमा उहाँले निवर्तमान प्रधानमन्त्री मारियो ड्राघीसँग ९० मिनेटको वार्ता गर्नु भएको थियो। सो अवसरमा निवर्तमान प्रधानमन्त्री मारियोले वनियुक्त प्रधानमन्त्री मेलोनीलाई प्रतीकात्मक रूपमा क्याबिनेट बहसहरूमा प्रयोग हुने सानो घण्टी हस्तान्तरण गर्नु भएको थियो।

# खेलाडीका लागि अवसर र सिकाइ

कास्की। कर्णाली प्रदेशको पुरुष हक्की टोलीका लागि नवौँ राष्ट्रिय खेलकुद अवसर र सिकाइका लागि राम्रो माध्यम बन्यो । हुम्लाको सिमिकोट-५ का युवा मिलेर बनाएको टोलीले पछिल्ला केही वर्ष प्रतियोगिता खेल्न पाएको थिएन् । नवौँमा एउटै वडाबाट सिङ्गो कर्णाली प्रदेशको प्रतिनिधित्व गरेर आएको टोली सेमिफाइनलसम्म पुग्यो।



पोखरामा गत असोज २८ देखि यही कात्तिक ३ गतेसम्म भएको राष्ट्रिय खेलकुदले टोलीका लागि राम्रो अवसर प्रदान गरेको कप्तान रामजन रावतले बताउनुभयो। "हुम्लाबाट कर्णाली प्रदेशको प्रतिनिधित्व गर्ने सोच थियो, तर टोली कस्तो बनेको छ भन्ने थाहा थिएन्," उहाँले भन्नुभयो, "पोखरा आएर खेलेपछि हामी पनि सक्षम छौँ भन्ने थाहा भयो ।" कर्णालीको पुरुष हक्की टोली जस्तै धेरैले कोरोनापछि खेल्ने मौका पाए।

व्यवस्थापकीय कमजोरी हुँदाहुँदै राष्ट्रिय खेलकुदमा थुप्रै कीर्तिमान बने। पौडीकी डुवाना लामा, एथ्लेटिक्सकी जयरानी थारू र शिवराज पार्की, जिम्न्यास्टिकका राजु राई, भारोत्तोलनकी तारादेवी पुन, उसुकी एलिना चौधरी र सुस्मिता तामाङ, स्क्वासका अमृत थापा मगरलगायत खेलाडी चम्किए। नवौँ राष्ट्रिय खेलकुदले अन्तर्राष्ट्रिय स्पर्धामा गतिलो परिणाम दिन सक्ने खेलाडी जन्माएको छ।

पौडीकी गौरिका सिंह नवौँमा आफ्ना प्रतिस्पर्धी खेलाडी बढेको बताउनुहुन्छ । पौडीमा नेपाली खेलाडीको रुचि बढिरहेको अवस्थामा प्रतियोगिता आयोजना भएकामा उहाँ खुसी हुनुहुन्छ। यसले पौडीमा धेरै खेलाडीले आफ्नो प्रतिभा देखाउने अवसर पाएको उहाँको भनाइ थियो।

"डुवाना, एलेक्स, नासिर सबैले राम्रो खेलिरहनुभएको छ," उहाँले भन्नुभयो, "यसरी नै प्रतियोगिता भइरहेमा एसियाली तथा ओलम्पिक प्रतियोगितामा पनि पदक जित्न सहज हुन्छ।"

पोखरामा राष्ट्रिय खेलकुद हुँदा पोखरावासी अन्तरआत्मादेखि नै खुसी भएको पोखरा महानगरका प्रमुख धनराज आचार्यको भनाइ छ। "सानातिना कमजोरी जहाँ पनि हुन्छन्," उहाँले भन्नुभयो, "काम गर्दा नै कमजोरी हुने हो। ठूलै गल्ती केही भएन भन्नुपर्छ। अब कर्णालीमा हुने राष्ट्रिय खेलकुदका लागि यो एउटा सिकाइ हो।"

गुनासा, चुनौती र सीमितताका बाबजुद राष्ट्रिय खेलकुदले गण्डकी प्रदेशका जनतालाई खुसी बाँड्न सफल भएको नेपाल ओलम्पिक कमिटीका उपाध्यक्ष एवं गण्डकी प्रदेश खेलकुद परिषद्का पूर्वसदस्य सचिव तेजबहादुर गुरुङले बताउनुयो। विसं २०३८ देखि सुरु भएको राष्ट्रिय खेलकुद प्रतियोगितामा तीन विभागीय टोली बाहेक प्रदेशमध्ये पहिलो पटक हामी पहिलो हुन सफल भएका छौँ," उहाँले भन्नुभयो, "गण्डकीले इतिहास बनाएको छ।"

प्रतियोगितामा त्रिभुवन आर्मी क्लब एक सय ७२ स्वर्ण, एक सय १० रजत र ८९ कास्यसहित च्याम्पियन बन्यो। सशस्त्र प्रहरी बलको एपिएफ क्लब ६५ स्वर्णसहित दोस्रो तथा नेपाल प्रहरीको पुलिस क्लब ६१ स्वर्ण जित्दै तेस्रो बन्यो। चौथा बनेको घरेलु टोली गण्डकीले ३२ स्वर्ण, ३१ रजत र ५७ कास्यसहित एक सय २० पदक हात पाऱ्यो । प्रतियोगितामा बागमती प्रदेश पाँचौं, प्रदेश १ छैटौं, सुदूरपश्चिम सातौं, एनआरएनए आठौं, लुम्बिनी प्रदेश नवौं, मधेश प्रदेश दशौँ र कर्णाली प्रदेश एघारौँ स्थानमा रहे।रासस

# आगो झोस्नेलाई कारबाही

सिन्ह्वा

लिस्बन। पोर्चुगलमा जङ्गलमा आगो लगाउने अपराध गरेका ७२ जनालाई यसवर्ष पक्राउ गरी कारबाही गरिएको छ। यहाँको सरकारले जङ्गलमा आगो लगाउने व्यक्तिलाई कडा कारबाही गर्ने गरेको बताइएको छ।

शनिबार यहाँको नेसनल रिपब्लिकन गार्ड (जिएनआर) का एक जना अधिकारीले सो कुराको जानकारी गराएका हुन्।

उनका अनुसार यहाँ सन् २०२१ मा अर्थात् अघिल्लो वर्ष ५२ जनालाई पक्राउ गरी कारबाही गरिएकामा यसवर्ष मात्र त्यसमा कम्तीमा पनि ३८ प्रतिशतले बृद्धि भई देशव्यापीरुपमा ७२ जनालाई पक्राउ गरिएको थियो।

जङ्गलमा आगो लगाउने अपराध गर्ने व्यक्तिलाई यहाँको सरकारले विशेष रुपमा खोज्ने गर्दछ। सरकारले यसवर्ष एक हजार एक सयभन्दा बढी व्यक्तिमा अनुसन्धान गरेर ती व्यक्ति भेटेको जनाएको थियो। उनीहरुमा गरिएको अनुसन्धानबाट ७२ जना दोषी पाइएको समाचारमा जनाइएको छ।

यस वर्ष आगलागीबाट पोर्चुगलको कम्तीमा पनि एक लाख ११ हजार हेक्टरभन्दा धेरै जमिनको बन जङ्गल ध्वस्त भएको छ। यो सन् २०१७ पछिको सबैभन्दा धेरै आगलागी हो।

# नाइजेरियामा बाढीका कारण पन्ध्र लाख बालबालिका जोखिममा

एएनआई

अबुजा। नाइजेरियामा अधिकांश बालबालिकासहित २५ लाखभन्दा बढी मानिसलाई मानवीय सहायताको खाँचो रहेको संयुक्त राष्ट्रसङ्घीय निकाय युनिसेफले जनाएको छ । प्रभाबितमध्ये ६० प्रतिशत बालबालिका रहेको र विगत एक दशकको सबैभन्दा भीषण बाढीका कारण पानीजन्य रोग, डुब्ने र कुपोषणको उच्च जोखिममा रहेको युनिसेफले चेतावनी दिएको छ।



बाढीका कारण देशका ३६ राज्यमध्ये ३४ राज्य प्रभावित भएका छन् भने १३ लाख मानिस विस्थापित भएका छन्।

बाढीका कारण छ सयभन्दा बढी मानिसले ज्यान गुमाइसकेका छन् भने दुई लाखभन्दा बढी घर आंशिक वा पूर्णरूपमा क्षतिग्रस्त भएका छन्। युनिसेफका अनुसार झाडापखाला र पानीजन्य रोग, श्वासप्रश्वाससम्बन्धी सङ्क्रमण र छालासम्बन्धी रोगका घटना बढ्दै गएका छन्।

उत्तरपूर्वी राज्यहरू बोर्नो, अदामावा र योबेमा मात्र अक्टोबर १२ सम्ममा हैजाका सात हजार ४८५ बिरामी भेटिएका र ३१९ जनाको मृत्यु भएको थियो । केही हप्तासम्म वर्षा जारी रहने भएकाले मानवीय आवश्यकता पनि बढ्ने अनुमान गरिएको छ। नाइजेरियाका लागि युनिसेफका प्रतिनिधि क्रिस्टियन मुन्डुएटले भन्नुभयो, "बाढी प्रभावित क्षेत्रका बालबालिका र किशोरकिशोरी अत्यन्तै जोखिममा छन्।"

"उनीहरू विशेष गरी पानीबाट हुने रोग, भावनात्मक र मनोवैज्ञानिक सङ्कटको जोखिममा छन् । युनिसेफले सरकार र अन्य साझेदारहरूसँग मिलेर अति आवश्यक परेकालाई जीवन रक्षक सहायता प्रदान गर्न काम गरिरहेको छ। बाढीले देशमा पहिलेदेखि नै अनिश्चित मानवीय स्थितिमा जटिलताको अर्को तह थपिरहेको छ।

बालबालिकाका लागि तत्काल प्राथमिकताका आवश्यकतामा आश्रय र भोजनसहित स्वास्थ्य, पानी, सरसफाइ र स्वच्छता समावेश छन् । बढ्दो आवश्यकतालाई सम्बोधन गर्न र जारी मानवीय हस्तक्षेपलाई निरन्तरता दिन, अपाङ्गता भएका बालबालिकालगायत अति जोखिममा रहेका व्यक्तिलाई ध्यान केन्द्रित गर्न थप कोष र स्रोतको आवश्यकता पर्दछ।

'युनिसेफको चिल्ड्रेन क्लाइमेट रिस्क इन्डेक्स (सीसीआरआई)'का अनुसार नाइजेरिया जलवायु परिवर्तनको प्रभावको 'अति उच्च जोखिममा' रहेको छ । संयुक्त राष्ट्रसङ्घीय निकायले 'अति उच्च जोखिम' भएका मुलुकका बालबालिकाले पानी, सरसफाइ, स्वास्थ्य सेवा, शिक्षाजस्ता अपर्याप्त आवश्यक सेवाका कारण जलवायु र वातावरणीय समस्याका साथै उच्चस्तरको अन्तर्निहित बाल जोखिमको घातक संयोजनको सामना गर्नुपरेको जनाएको छ।

# महासचिवसीलाई तेस्रो कार्यकालको बधाई

एएफपी

सोल । उत्तर कोरियाली नेता किम जोङ उनले चिनियाँ राष्ट्रपति सी चिनपिङलाई चिनियाँ कम्युनिष्ट पार्टीको अध्यक्षको रुपमा तेस्रो कार्यकाल निर्वाचित हुनु भएकोमा बधाई दिनुभएको राज्य सञ्चारमाध्यमले आइतबारले जानकारी दिएको छ।

कोरियाली केन्द्रीय समाचार एजेन्सीका अनुसार उत्तरको आधिकारिक नामको संक्षिप्त नाम प्रयोग गर्दै किमले भने, "म, तपाईंसँग मिलेर, समयको माग पूरा गर्दै उत्तर कोरिया-चीन सम्बन्धको अझ सुन्दर भविष्यलाई आकार दिनेछु।"

# चिनियाँ कम्युनिष्ट पार्टीले सोमबार पत्रकार सम्मेलन गर्दै

सिन्ह्वा

बेइजिङ। चिनियाँ कम्युनिष्ट पार्टी (सीपीसी) केन्द्रीय समितिले भर्खरै सम्पन्न भएको चिनियाँ कम्युनिष्ट पार्टीको २०औँ राष्ट्रिय महाधिवेशनमा पारित प्रमुख प्रतिवेदन प्रस्तुत गर्न सोमबार बिहान पत्रकार सम्मेलन आयोजना गर्दैछ।

सोमबार बिहान १० बजेबाट शुरु हुने पत्रकार सम्मेलनलाई चाइना मिडिया ग्रुप, साथै पिपल डट कम. सिएन, सिन्ह्वा नेट. कम र चाइना.कम.मा प्रत्यक्ष प्रसारण गरिनेछ।

# एकै दिनमा छ हजार बढी कोभिड सङ्क्रमित



सिन्ह्वा

सिङ्गापुर । सिङ्गापुरमा शनिबार कोभिड-१९ का छ हजार तीन सय ३९ जनामा कोरानाको नयाँ सङ्क्रमित भएका छन् । यसैसँगै देशमा कोभिड-१९ सङ्क्रमितका कुल सङ्ख्या बीस लाख ५९ हजार सात सय नौ जना पुगेका छन्।

कोरोनाका यी सङ्क्रमित पाँच हजार चार तीन जना स्थानीय र दुई सय ३४ आयातित रहेका जनाइएको छ।

हाल यहाँ कुल छ सय २८ सङ्क्रमित अस्पातालमा रहेका छन्। सघन उपचार केन्द्रमा १६ जना रहेका छन् यद्यपी शनिबार कोभिड-१९ बाट कसैको पनि मृत्यु भने भएको छैन् । सिङ्गापुरमा कोरोना सुरु भएबाट हालसम्म एक हजार छ सय ६० जनाको मृत्यु भएको छ।

# प्रधानमन्त्रीको दौडमा बेलायतका पूर्वप्रधानमन्त्री बोरिस जन्सन

सिन्ह्वा

लण्डन । बेलायतका पूर्वप्रधानमन्त्री बोरिस जन्सन लेबर पार्टीको नेतृत्वका लागि औपचारिक प्रयास सुरु गर्न क्यारेबियन क्षेत्रको भ्रमण कटौती गरी शनिबार बेलायत आइपुग्नुभएको बेलायती सञ्चारमाध्यमले जनाएका छन्।



गत जुलाई ७ मा प्रधानमन्त्री जोनसनका मन्त्रीले एकपछि अर्को गर्दै राजीनामा दिएपछि प्रधानमन्त्री जोनसनले राजीनामा दिन बाध्य हुनुभएको थियो।

जोनसनले अब प्रधानमन्त्रीको दौडमा भाग लिने इच्छा व्यक्त गर्दै आफू यसका लागि तयार रहेको बताउनुभएको छ।

जोनसनको क्याबिनेटमा रहेका पूर्वअर्थमन्त्री ऋषि सुनकले पनि टोरी र बेलायती प्रधानमन्त्रीपदका लागि १०० भन्दाबढी मनोनयन प्राप्त गरेका थिए।

प्रधानमन्त्री लिज ट्रसको राजीनामापछि पार्टी नेताका लागि १०० मनोनयनको थ्रेसहोल्डमा पुग्ने सुनक शुक्रबार अबेर टोरी नेतृत्वका पहिलो दाबेदार बन्नुभएको छ। पछिल्लो नेतृत्वको प्रतिस्पर्धामा ट्रससँग पराजित भएका सुनकलाई बेलायतको प्रधानमन्त्रीको दौडमा प्रवेश गर्न कन्जरभेटिभ पार्टीका कम्तीमा १०० सांसदको समर्थन प्राप्त भएको थियो।

बेलायती प्रधानमन्त्री लिज ट्रसले बिहीबार प्रधानमन्त्री पदबाट राजीनामा दिएपछि यो एउटा महत्वपूर्ण घटनाक्रम हो । राजीनामाले देशलाई राजनीतिक उथलपुथलमा फसाएको छ र स्थिर सरकारको खोजी गरेको छ किनकि विपक्षीले आम चुनावको आफ्नो माग दोहोऱ्याउनुभएको छ । हाउस अफ कमन्सकी टोरी नेतृ पेनी मोर्डाउन्टले पनि शुक्रबार आफ्नो दावेदारी प्रस्तुत गर्नुभएको थियो।

"नयाँ सुरुवात, एकताबद्ध पार्टी र राष्ट्रिय हितमा नेतृत्व चाहने सहकर्मीको समर्थनबाट म उत्साहित भएको छु," मोर्डाउन्टले ट्वीटरमा लेख्नुभएको छ । टोरी सांसदले सोमबार मतदान गर्नेछन्, र दुई उम्मेदवार टोरी सदस्यताको लागि अगाडि राखिनेछन्। नतिजा २८ अक्टोबर घोषिणा हुनेछ।

पदबाट राजीनामा दिएपछि ट्रस सबैभन्दा छोटो समय सेवा गर्ने बेलायती प्रधानमन्त्री बन्नुभएको छ । उहाँले आफू निर्वाचित भएको जनादेश पूरा गर्न नसक्ने बताउँदै राजीनामा दिनुभएको हो।

ट्रसले आगामी साताभित्र नयाँ नेतृत्व चयनका लागि आफूले राजीनामा दिने घोषणा गरेपछि पार्टी नेता चयन र प्रधानमन्त्रीको नेतृत्व चयनको प्रक्रिया सुरू भएको हो।

बेलायती अर्थमन्त्री क्वासी क्वार्टेङले घोषणा गरेको आर्थिक नीतिका कारण बेलायती अथएतन्त्रमा प्रभधाव देखिन थालेपछि ट्रसले बर्खास्त गर्नुभएको थियो। गृहमन्त्री सुएला ब्रेभरम्यानले राजीनामा दिएपछि ट्रसले राजीनामा दिनुभएको थियो । गत महिना बोरिस जोनसनको उत्तराधिकारी बनेपछि लिज ४५ दिनका लागि मात्र सत्तामा रहनुभएको थियो।

# महिलारहित चिनियाँ कम्युनिष्ट पार्टीको पोलिटब्युरो



सिन्ह्वा

बेइजिङ। चिनियाँ कम्युनिष्ट पार्टीको सर्वोच्च निकाय पोलिटब्युरोमा पूर्ण सदस्यका रुपमा महिला छानिएका छैनन्।

पार्टीको इतिहासमा २५ वर्षपछि पहिलो पटक पोलिटब्युरोमा महिला सदस्य नछानिएका समाचामा जनाइएको छ।

चिनियाँ कम्युनिष्ट पार्टीको पोलिटब्युरोमा यसअघि सन् चुनलान रहेकामा उहाँ यसपटक अवकास पाएपछि अहिले कुनै पनि महिला पोलिटब्युरोमा छानिएका छैनन्।

यसैबीच अर्को एक समाचारमा राष्ट्रपति सी चिनफिङ अर्को कार्यकालका लागि पति चिनियाँ कम्युनिष्ट पार्टीको महासचिवमा चुनिनुभएको छ।

चिनियाँ कम्युनिष्ट पार्टी (सीपीसी) को २०औँ केन्द्रीय समितिको आइतबार सम्पन्न पहिलो पूर्णअधिवेशनमा सी चिनपिङ महासचिवमा निर्वाचित हुनुभएको चिनियाँ समाचार समिति सिन्ह्वाले जनाएको छ।

सीको अध्यक्षतामा भएको उक्त सत्रमा चिनियाँ कम्युनिष्ट पार्टीको २०औँ केन्द्रीय समितिका दुई सय तीन सदस्य र एक सय ६८ वैकल्पिक सदस्यको सहभागिता थियो। एक हप्ता लामो बैठकपछि पाँच वर्षमा एक पटक आयोजना हुने राष्ट्रिय महाधिवेशन आइतबार सम्पन्न भएको हो।

# एक हजार सात सय भन्दा बढीको मृत्यु

सिन्ह्वा

इस्लामावाद। पाकिस्तानमा यो वर्षको वर्षा याममा बाढीपहिरोमा परी ज्यान गुमाउनेको संख्या एक हजार सात सय ३१ पुगेको छ भने १२ हजार आठ सय ६७ जना घाइते भएका छन्।

बाढीका कारण छ सय ४५ जना बालबालिका तथा तीन सय ५० जना महिलाको मृत्यु भएको राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरणले जनाएको छ। दक्षिणी प्रान्त सिन्ध बाढीबाट सर्वाधिक प्रभावित भएको जनाउँदै उक्त प्राधिकरणले त्यहाँ सात सय ९२ जनाको मृत्यु भएको बताएको छ। दक्षिणपश्चिमी प्रान्त बलुचिस्तानमा तीन सय ३६ र उत्तरपश्चिमी प्रान्त खैबरपख्तुनख्वा प्रान्तमा तीन सय आठ र पूर्वी पञ्जाब प्रान्तमा दुई सय २३ जनाले ज्यान गुमाएका छन्।

पाकिस्तानका ८५ जिल्लाका ३३ लाखभन्दा बढी नागरिक बाढीबाट प्रभावित भएका छन्। बाढीग्रस्त क्षेत्रमा प्राधिकरणका साथै अन्य सरकारी एवम् गैरसरकारी संस्थाले उद्धार तथा राहतका कार्यक्रम सञ्चालन गरिरहेका छन्।

# नेप्से परिसूचकमा दोहोरो अङ्कको वृद्धि

काठमाण्डु । धितोपत्र बजारमा शेयर कारोबारमापक नेप्से परिसूचक आइतबार भने दोहोरो अङ्कले उकालो लागेको छ।

नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक १४ दशमलव ३५ अङ्कले उकालो लागेर एक हजार आठ सय ५८ दशमलव ४९ मा उक्लेको छ । यस्तै, ठूला कम्पनीको शेयर कारोबारमापन गर्ने सेन्सेटिभ परिसूचक दुई दशमलव ८८ अङ्कले बढेर तीन सय ६५ दशमलव ९३ मा पुगेको छ। कूल दुई सय २१ कम्पनीको १५ लाख ३८ हजार ४२ कित्ता शेयर रु ५१ करोड ६८ लाख तीन हजार चार सय ८४ मूल्यमा खरिद बिक्री भए।



नेप्सेका अनुसार कारोबार भएका कूल १३ उपसमूहमध्ये दुई उपसमूहको शेयर मूल्यमा गिरावट आएको छ। यस्तै, ११ उपसमूहको शेयर मूल्यमा भने वृद्धि भएको छ । निर्जीवन बीमा उपसमूहको शेयर मूल्यमा राम्रै वृद्धि भएको छ। कारोबारका आधारमा एभरेष्ट बैंक शीर्ष स्थानमा छ। सो बैंकको रु पाँच करोड १६ लाख ३२ हजार नौ सय ९७ बराबरको कारोबार भयो।

त्यस्तै नवील बैंक रु तीन करोड ३८ लाख ८० हजार एक सय एक, नेपाल बैंक रु तीन करोड २० लाख १८ हजार सात सय ७०, एनआइसी एशिया बैंकको संस्थापक शेयर रु दुई करोड २९ लाख ५० हजार आठ सय सात र गरिमा विकास बैंकको रु एक करोड ५१ लाख ११ हजार सात सय ३७ बराबरको कारोबार भयो। नेप्सेका अनुसार रुरु जलविद्युत् परियोजना र सयपत्री हाइड्रोपावरको शेयर मूल्यमा १० प्रतिशतको वृद्धि भई सकारात्मक सर्किट लाग्यो । जनउत्थान सामुदायिक लघुवित्त चार दशमलव १५ र किसान लघुवित्तका लगानीकर्ताले चार दशमलव शून्य चार प्रतिशतले कमाएका छन्।

त्यस्तै, सिटिजन म्युचुअल फण्ड दोस्रो नौ दशमलव ५५, अभियान लघुवित्त सात दशमलव ६०, माहुली लघुवित्त चार दशमलव शून्य तीन, वेस्ट फाइनान्स तीन दशमलव १८ र एनआइबीएल प्रगति फण्डका लगानीकर्ताले तीन दशमलव शून्य तीन प्रतिशतले गुमाएका छन् ।रासस

# त्रिशूलीको शेयरका लागि ७८ हजारको आवेदन

काठमाण्डु । त्रिशूली जलविद्युत् कम्पनी लिमिटेडले सर्वसाधारणलाई बिक्री गरेको शेयरबापतको बाँकी रकम चुक्ता गर्न झण्डै ७८ हजार शेयरधनीले आवेदन दिएका छन्। कम्पनीले शेयरबापतको रकम बुझाउन गत असोज ४ गतेदेखि आवेदन माग गरेको थियो।

कम्पनीको शेयर बाँडफाँटमा शेयर पाई प्रतिकित्ता रु १० बुझाएका जम्मा एक लाख ५४ हजार पाँच सय ५९ जना सर्वसाधारण शेयरधनीमध्ये झण्डै ७८ हजारले प्रतिकित्ता बाँकी रु ९० बुझाएका छन्। यसबाट रु १६ करोड १० लाख सङ्कलन भएको छ।

साविकका सर्वसाधारण शेयरधनीबाट अङ्कित मूल्यको ९० प्रतिशतले हुन आउने प्रतिकित्ता बाँकी रु ९० का दरले रु ३३ करोड ३४ लाख ५० हजार सङ्कलन गरिनेछ। यही कात्तिक १७ गतेसम्म आवेदन दिने अन्तिम दिन हो । कम्पनीका प्रबन्ध-सञ्चालक मोहनप्रसाद गौतमले अन्तिमअगावै आवेदन दिन शेयर धनीलाई आग्रह गर्नुभयो।

'जनताको जलविद्युत्' कार्यक्रमअन्तर्गत कम्पनीले २०७५ को चैतमा सर्वसाधारणका लागि ३७ लाख पाँच हजार कित्ता (कम्पनीका कर्मचारीका लागि आरक्षण गरिएकोसमेत) शेयर निष्काशन गरी प्रतिसेयर रु एक सय अङ्कित मूल्यको न्यूनतम १० प्रतिशतले हुने रु १० मात्र सङ्कलन गरेको थियो।

कम्पनीको शेयर बाँडफाँटमा शेयर पाई प्रतिकित्ता रु १० बुझाएका जम्मा एक लाख ५४ हजार पाँच सय ५९ जना सर्वसाधारण सेयरधनीले प्रतिकित्ता बाँकी रु ९० बुझाउनुपर्नेछ। रकम बुझाउने अन्तिम मितिसम्म कम्पनीले जनताको जलविद्युत् कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७५ मा वार्षिक आठ प्रतिशत व्याज दिनुपर्ने प्रावधानबमोजिम शेयरधनीले प्रतिकित्ता रु तीन व्याज प्राप्त गर्ने हुँदा हाल प्रतिकित्ता रु ८७ मात्र जम्मा गरे हुनेछ।

**कम्पनीले रसुवा र नुवाकोटमा ३७ मेगावाटको माथिल्लो त्रिशूली ३ 'बी' जलविद्युत् आयोजना निर्माण गरिरहेको छ। कम्पनीमा नेपाल विद्युत् प्राधिकरण र नेपाल टेलिकमको ३०/३० प्रतिशत संस्थापक शेयर छ।**

आस्वा सेवामा सहभागी बैंक तथा वित्तीय संस्था र तिनका शाखा कार्यालय तथा सिडिएस एण्ड क्लियरिङ लिमिटेडबाट उपलब्ध गराइएको 'मेरो सेयर' सफ्टवेयरबाट समेत शेयरधनीले रकम बुझाउन/आवेदन दिन सक्नेछन् । शेयरधनीले यसरी रकम भुक्तानी गर्दा आश्वा शुल्कसमेत तिर्नुपर्ने छैन । धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकमा ग्लोबल आइएमई क्यापिटल लिमिटेड रहेको छ।

कम्पनीले रसुवा र नुवाकोटमा ३७ मेगावाटको माथिल्लो त्रिशूली ३ 'बी' जलविद्युत् आयोजना निर्माण गरिरहेको छ। कम्पनीमा नेपाल विद्युत् प्राधिकरण र नेपाल टेलिकमको ३०/३० प्रतिशत संस्थापक शेयर छ।

कम्पनीमा रसुवा तथा नुवाकोटका गाउँपालिका र नगरपालिकाको पाँच प्रतिशत, रसुवा तथा नुवाकोटका स्थानीय वित्तीय संस्थाको पाँच प्रतिशत, रसुवा तथा नुवाकोटवासीको १० प्रतिशत, सर्वसाधारणको १५ प्रतिशत र प्राधिकरण तथा टेलिकमका कर्मचारीको पाँच प्रतिशत शेयर रहनेछ।

आयोजनाको कूल अनुमानित लागत निर्माण अवधिको व्याजबाहेक रु सात अर्ब ४४ करोड ५६ लाख ४८ हजार रहेको छ। निर्माण अवधिको ब्याज रु ७८ करोड १७ लाख ९३ हजारसहित आयोजनाको कूल लागत रु आठ अर्ब २२ करोड ७४ लाख ४१ हजार पुग्ने अनुमान गरिएको । निर्माण अवधिको ब्याजबाहेकको आयोजनाको अनुमानित निर्माण लागत रु सात अर्ब ४४ करोड मध्ये ३० प्रतिशत स्वपुँजी (रु दुई अर्ब ४७ करोड) र ७० प्रतिशत ऋण (रु पाँच अर्ब ७६ करोड)बाट लगानी जुटाइएको छ ।रासस

# सुदूरका तीन जिल्लामा खाद्यान्न सञ्चित

डोटी। आर्थिक वर्ष २०७८/७९ मा सुदूरपश्चिम प्रदेशका कैलाली, कञ्चनपुर र डोटी जिल्लामा मात्रै खाद्यान्न सञ्चित (बचत) रहेको देखिन्छ।

सुदूरपश्चिम प्रदेशका दुई तराईका जिल्ला र सात पहाडी जिल्लामध्ये पहाडमा डोटी मात्र खाद्य सञ्चित गर्ने जिल्लाका रूपमा रहेको कृषि ज्ञान केन्द्र डोटीका प्रमुख नरेन्द्र पनेरुले बताउनुभयो । उहाँले भन्नुभयो, "धान, मकै, गहुँ, जौँ, कोदो र फापरको उत्पादनका आधारमा खाद्यान्न वासलात निकाल्दा सुदूरका तीन जिल्ला मात्र खाद्य सञ्चित जिल्लाको रूपमा रहेको बताउनुभएको हो। कृषि ज्ञान केन्द्र डोटीले दिएको जानकारीअनुसार प्रतिवर्ष प्रतिव्यक्ति आवश्यक खाद्यान्न तराईमा एक सय ८१ केजी, मध्य पहाडमा एक सय ९१ केजी र उच्च पहाडमा दुई सय एक केजी रहेको छ। सोहीअनुरुप जनसङ्ख्यालाई आधार मानी जिल्लाको उत्पादित खाद्यान्नलाई तुलना गरिएको थियो।



जिल्लाको खाद्य उत्पादित तथा सञ्चितको अवस्थाअनुसार कञ्चनपुर जिल्लामा एक आवमा जिल्लाको वार्षिक आवश्यक खाद्यान्न ९३ हजार छ सय ९३ मेट्रिक टन थियो जिल्लामा एक लाख ४५ हजार नौ सय ८१ मेट्रिक टन उत्पादित हुँदा ५२ हजार दुई सय ८८ मेट्रिक टन खाद्यान्न सञ्चित रहेको देखिन्छ। कैलाली जिल्लामा पनि एक आवमा जिल्लाको वार्षिक आवश्यक खाद्यान्न एक लाख ६० हजार पाँच सय ५२ मेट्रिक टन थियो । जिल्लामा एक लाख ७६ हजार तीन सय ४९ मेट्रिक टन उत्पादित हुँदा १७ हजार सात सय ९७ मेट्रिक टन खाद्यान्न सञ्चित रहेको देखिन्छ।

डोटी जिल्लामा पनि एक आवमा जिल्लाको वार्षिक आवश्यक खाद्यान्न ३९ हजार दुई सय ८५ मेट्रिक टन थियो जिल्लामा ४३ हजार आठ सय ३२ मेट्रिक टन उत्पादित हुँदा चार हजार पाँच सय ४७ मेट्रिक टन खाद्यान्न सञ्चित रहेको देखिन्छ । अन्य पहाडी जिल्लामा भने आवश्यकताभन्दा कम उत्पादन भएको पाइन्छ। तथ्याङ्कानुसार बैतडी जिल्लामा पनि एक आवमा जिल्लाको वार्षिक आवश्यक खाद्यान्न ४६ हजार छ सय ८० मेट्रिक टन थियो । जिल्लामा ३५ हजार आठ सय ५१ मेट्रिक टन उत्पादित हुँदा १० हजार तीन सय ७२ मेट्रिक टन खाद्यान्न अभाव भई बाहिरबाट आपूर्ति गर्नुपरेको जनाइएको छ। अछाम जिल्लामा पनि एक आवमा जिल्लाको वार्षिक आवश्यक खाद्यान्न ५५ हजार आठ सय ३८ मेट्रिक टन थियो जिल्लामा ५० हजार दुई सय १३ मेट्रिक टन उत्पादित हुँदा पाँच हजार छ सय २५ मेट्रिक टन खाद्यान्न अभाव भई बाहिरबाट आपूर्ति गर्नुपरेको देखिन्छ । डडेलधुरा जिल्लामा पनि एक आवमा जिल्लाको वार्षिक आवश्यक खाद्यान्न २६ हजार छ सय २९ मेट्रिक टन थियो। जिल्लामा २६ हजार तीन सय ४८ मेट्रिक टन उत्पादित हुँदा दुई सय ८१ मेट्रिक टन खाद्यान्न अभाव भई बाहिरबाट आपूर्ति गर्नुपरेको बताइएको छ।

बाजुरा जिल्लामा पनि एक आवमा जिल्लाको वार्षिक आवश्यक खाद्यान्न २७ हजार नौ सय ३९ मेट्रिक टन थियो। जिल्लामा २४ हजार तीन सय चार मेट्रिक टन उत्पादित हुँदा तीन हजार छ सय ३५ मेट्रिक टन खाद्यान्न अभाव भई बाहिरबाट आपूर्ति गर्नुपरेको देखिन्छ।

बझाङ जिल्लामा पनि एक आवमा जिल्लाको वार्षिक आवश्यक खाद्यान्न ३८ हजार आठ मेट्रिक टन थियो जिल्लामा ३६ हजार सात सय आठ मेट्रिक टन उत्पादित हुदाँ एक हजार तीन सय एक मेट्रिक टन खाद्यान्न अभाव भई बाहिरबाट आपूर्ति गर्नुपरेको देखिन्छ। दार्चुला जिल्लामा पनि एक आवमा जिल्लाको वार्षिक आवश्यक खाद्यान्न ३७ हजार एक सय ४६ मेट्रिक टन थियो जिल्लामा २२ हजार एक सय ७० मेट्रिक टन उत्पादित हुँदा चार हजार नौ सय ७६ मेट्रिक टन खाद्यान्न अभाव भई बाहिरबाट आपूर्ति गर्नुपरेको सम्बन्धित कार्यालयको भनाइ छ।

समग्रमा सुदूरपश्चिम प्रदेशको खाद्यान्न र आपूर्तिको अवस्था हेर्दा ४८ हजार चार सय ४१ मेट्रिक टन खाद्यान्न सञ्चित रहेको छ । पछिल्लो समयमा विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ का कारण गरिएको लकडाउन र नाकाबन्दीका समयमा अधिकांश नेपालीले कृषिको महत्व थाहा पाउनुका साथै कृषि पेशामा व्यावसायिक रूपमा युवाहरूको आकर्षण बढ्नुका साथै अधिकांश युवाले खाद्यान्नलगायत अन्य नगदेबाली, तरकारी खेती, फलफूल खेती तिर पनि व्यवसाय गर्दै आइरहेको ज्ञान केन्द्र प्रमुख पनेरुले बताउनुभयो।

पछिल्लो समयमा स्थानीय सरकार, प्रदेश सरकार र सङ्घीय सरकारले कृषिमा लगानी गर्नुका साथै अनुदानका कार्यक्रमलाई पनि प्राथमिकता दिएको पाइन्छ ।रासस

# सोलुमा १७१ मेगावाटको दूधकोसी-६ आयोजना निर्माण हुने

काठमाण्डु । सोलुखुम्बु जिल्लाको खुम्बु पासाङल्हामु गाउँपालिका-३ मा कूल एक सय ७१ मेगावाट क्षमताको दूधकोसी-६ जलविद्युत् आयोजना निर्माण हुने भएको छ।

निजी क्षेत्रको सगरमाथा हाइड्रोपावरले निर्माण गर्न लागेको सो आयोजना नदी प्रवाही प्रकृतिको हो । पछिल्ला दिनमा जलविद्युत् आयोजनाको 'हब' का रुपमा स्थापित हुँदै गएको जिल्लामा अन्य केही आयोजनासमेत निर्माणमा क्रममा छन् । केही आयोजना भने निर्माण सम्पन्न भई केन्द्रीय प्रणालीमा बिजुलीसमेत जोडिसकेका छन्।

आयोजनाले सुख्खायाममा दुई सय ९५ र वर्षायाममा छ सय ८८ गिगावाट घण्टा गरी वार्षिक रुपमा कूल नौ सय ८४ गिगावाट घण्टा ऊर्जा उत्पादन गर्नेछ । दूधकोसी नदी किनारै किनार भएर आयोजना स्थलको पहुँचमार्ग निर्माण हुनेछ। मुख्य संरचना 'डाइभर्सन वेयर', 'अन्डरस्लुइस', 'ग्राभेल ट्र्याप', 'सेटलिङ', 'बेसिन', 'हेडरेस पाइप', 'हेडरेस टनेल', 'सर्ज ट्याङ्क' र 'अडिट टनेल' जस्ता संरचना निर्माण गर्ने लक्ष्य राखिएको छ।

सोलुखुम्बुको पासाङल्हामु गाँउपालिका ३ मा निर्माण हुने सो आयोजनाको 'नेट हेड' तीन सय ६७ मिटर रहेको छ । आयोजनाको विद्युत् गृह भूमिगत रहनेछ । तीन वटा 'फ्रान्सिस टर्बाइन' रहने आयोजनाबाट उत्पादित बिजुली दुई सय २० केभी क्षमताको ६३ किलोमिटर लामो प्रसारणलाइनमार्फत् नेपाल विद्युत् प्राधिकरणको नयाँ खिम्ती सवस्टेशनमा जोडिनेछ।

आयोजनाको कूल लागत रु ३० अर्ब ८० करोड बराबर रहनेछ। आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार भइसकेको छ। वन तथा वातावरण मन्त्रालयले आयोजनाको उक्त प्रतिवेदन सार्वजनिक गर्दै सम्बन्धित निकाय वा प्रभावित क्षेत्रका बासिन्दालाई राय सुझाव दिन आग्रह गरेको छ। आयोजनाले कूल आठ दशमबल तीन हेक्टर जग्गा प्राप्त गर्नुपर्नेछ। आयोजनाको निर्माण अवधिमा पाँच सय ५० जनाले प्रत्यक्ष रोजगारी पाउनेछन्।

जैविक वातावरणीय प्रभाव न्यूनीकरणका लागि आयोजनाले रु १३ करोड ७५ लाख २९ हजार बराबरको रकम छुट्याएको छ ।रासस

# सयपत्री फूलको माग बढ्यो

रामपुर। तिहार नजिकिएसँगै सयपत्री फूलको माग बढ्न थालेको छ । व्यावसायिक उत्पादन अति न्यून र यसपटक स्थानीयस्तरमा फूल कम फुलेकाले सयपत्रीको माग धेरै बढेको व्यावसायी बताउँछन्।

रामपुर नगरपालिका-४ देवीस्थानका युवा व्यवसायी दिलबहादुर थापालाई यतिबेला फूलमाला बिक्री गर्ने चटारो छ। तीन वर्षदेखि यस व्यवसाय थालनी गर्नुभएका थापाले अहिले तिहारलक्षित करिब साढे तीन रोपनी जग्गामा सयपत्री फूलखेती गर्नुभएको छ।



"तिहारको चहलपहल सुरु हुन थालेपछि फूल खरिद गर्ने ग्राहकको घुइँचो बढेको छ, स्थानीयस्तरमै माग धेरै आएकाले बाहिर पठाएको छैन, फूल टिप्ने, माला तयार पारेर बिक्री गर्न भ्याइनभ्याई छ", उहाँले भन्नुभयो । नेपालगञ्ज, बुटवल, तानसेन, पोखरालगायत विभिन्न ठाउँबाट माग धेरै आए पनि स्थानीयलाई पहिलो प्राथमिकता दिने उहाँले बताउनुभयो। यसपटक तिहारमा मात्रै करिब रु दुई लाख ५० हजार बराबरको फूल बिक्री गर्ने उहाँको अनुमान छ।

प्रतिमाला रु एक सय, प्रतिकिलो फूल रु पाँच सयमा धमाधम घरबाटै बिक्री भइरहेको छ । पछिल्लो समय विभिन्न सङ्घसंस्था, विद्यालयमा दीपावलीको शुभकामना आदान-प्रदानजस्ता कार्यक्रम गर्ने लहरले तिहार सुरु हुनुअघिदेखि नै फूलमाला खरिद गर्ने ग्राहक बढेका छन्।

गत वैशाख ३० मा भएको स्थानीय तहको निर्वाचनमा मात्रै करिब रु एक लाख ५० हजार बराबरको फूल बिक्री गर्नुभयो भने सङ्घ र प्रदेश तहको निर्वाचनको उम्मेदवारी दर्ता, प्रचार-प्रसार तथा स्थानीयस्तरमा हुने विभिन्न कार्यक्रममा गरी दसैंयता मात्रै करिब रु ५० हजार बराबरको फूलमाला बिक्री गरेको उहाँ बताउनुहुन्छ।

"फूलखेती सुरु गरेपछि मेरो पहिचान नै फेरिएको छ, पहिला घरपरिवार, आफन्तबाहेक कसैले चिन्दैनथे", उहाँले भन्नुभयो, "करिब एक दशक विदेश बसेर गाउँ फर्केरलगत्तै फूलखेती गरेपछि सबैले राम्रोसँग चिन्नुहुन्छ, समाजमा नाम र दाम दुवै पाएपछि धेरै सन्तुष्टि छु।"

फूलको उत्पादन र बिक्री उत्साहजनक रहेकाले व्यावसायमा थप हौसला मिलेको छ । दिलबहादुरलाई यस व्यवसायमा श्रीमती सुकमाया थापाले सघाउँदै आउनुभएको छ। घर अगाडिको खेतभरि पहेँलै फुलेका फूलको दृश्यले घरको वातावरणमा सौन्दर्यता थपेको बताउनुहुन्छ, सुकमाया थापा।

गाउँघरमा पछिल्लो समय सयपत्री फूल कमै पाइन्छ। स्थानीय जातका फूल मासिने क्रम बढेको छ। हाइब्रिड जातको फूल आउन थालेपछि घरका आँगन, डिल, करेसाबारीमा फुल्ने फूल हिजोआज खासै देखिँदैन । सयपत्री खेतीका अलवा लोपोन्मुख मखमली फूलको खेती गर्ने दिलबहादुरले योजना बनाउनुभएको छ । यसै वर्ष मखमली लगाउने सोच बनाए पनि बीउ समयमा उपलब्ध नहुँदा सयपत्रीमात्रै लगाउनुभएको छ।

यहाँ ढकमक्क फुलेका फूलले सबैको मन लोभ्याएको छ । टिकटक बनाउने, फोटो खिच्ने, भिडियो बनाएर सामाजिक सञ्जालमा राख्न बालबालिकादेखि युवायुवती, वयस्क उमेरसम्मका पुग्ने गर्दछन्। गत भदौमा धुलिखेमा दुई दिन र तीन वर्षअघि बुटवलमा एकहप्ते पुष्प व्यवसायसम्बन्धी तालिम लिनुभएको छ । सो तालिमले व्यवसायमा धेरै सहज भएको उहाँले बताउनुभयो।

फूल उत्पादन, गुणस्तर निकाल्ने तरिका, बजारीकरण, नयाँ प्रजातिका उत्पादनलगायतका सम्बन्धमा ज्ञान, सीप पाएपछि नयाँ ढङ्गबाट खेती गर्नुभएको छ । करिब पन्ध्र मुरी धानबाली फल्ने जग्गामा फूल लगाउन थालेपछि तेब्बर बढी आयस्रोत भित्रिएको छ । फूलखेतीबाट आफू मात्र नभई पाल्पा जिल्लालाई नै चिनाउने उहाँको सपना छ। एक वर्षमा तीन पटकसम्म यसको खेती गर्न सकिन्छ ।रासस


**बलरा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बलरा, सर्लाही**
**मधेश प्रदेश, नेपाल**

**साझेदारीमा कार्यक्रम संञ्चालन गर्न इच्छुक निजी क्षेत्र/गैरसरकारी संघ संस्थाको लागि आशय पत्र आव्हान**

प्रकाशित मिति : २०७९।०७।०७

बलरा नगरपालिकाले कृषि तथा पशुविकासको क्षेत्रमा निजी क्षेत्र/गैर सरकारी संघसस्थाको साझेदारीमा काम गर्ने उद्देश्यले "साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि २०७९" कार्यान्वयनमा ल्याएको छ । यसै कार्यविधिको अधिनमा रही आर्थिक वर्ष २०७९/८० देखि शुरु हुने गरी बहुवर्षिय/सालबसाली रुपमा कृषि तथा पशु विकास मा आधारित साना किसान तथा युवा उद्यमशिलता विकास कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक योग्यता पुगेका इच्छुक निजी क्षेत्र/गैरसरकारी क्षेत्रका व्यक्ति/संस्थाहरुबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र आशय पत्र पेश गर्न आह्वान गरिएको छ। यस सम्बन्धी विस्तृत विवरण नगरपालिकाको वेवसाइट https://balramun.gov.np बाट डाउनलोड गर्न वा नगरपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिन्छ। योग्यता नपुगेका र आवश्यक विवरणहरु र कागजात संलग्न नभएको प्रस्ताव उपर कारवाही गर्न नगरपालिका जवाफदेही हुनेछैन।

आशय पत्रदाताको योग्यता, अनुभव, क्षमता र साझेदारीको लागी आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्नसक्ने प्रतिवद्धताको आधारमा आशय पत्रको मुल्याङ्कन गरिनेछ।

**आशयपत्रका साथ संलग्न हुनुपर्ने कागजातहरू**

१. आशयपत्र पेश सम्बन्धी निवेदन,
२. आशय पत्रको फारम,
३. संस्थाको दर्ता, नवीकरण, करचुक्ता, विगत तीन वर्षको लेखापरीक्षण प्रतिवेदन, नियमनकारी निकायको अनुमति पत्र (अनुमतिपत्र लिनुपर्नेको हकमा),
४. स्थायी लेखा नम्बर,
५. साझेदारीको लागि आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्नसक्ने प्रतिवद्धता पत्र,
६. संयुक्त उपक्रममा कार्यगर्ने संस्थाहरुको हकमा दुबै संस्था बीचको कार्य जिम्मेवारी खुल्ने सम्झौता पत्रको सक्कल १ प्रति,
७. प्रस्तावना पेश गर्ने संस्थाको अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपी १ प्रति,
८. संस्था कालो सूचीमा नपरेको स्वघोषणा पत्रको सक्कल १ प्रति,
९. व्यक्ति, फर्म, कम्पनी तथा संघसंस्थाको विवरण (प्रोफाईल)
१०. विगत सात वर्षमा काम गरेको समान प्रकृतिको काम र स्थानको विवरण । व्यक्तिगत आशयपत्रदाताको हकमा विगत चार वर्षमा सम्पन्न गरेको समान प्रकृतिको कामको विवरण
११. प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्तिको वैयक्तिक विवरण

**प्रमुख प्रशासकिय अधिकृत**

# जसपामा प्रवेश गर्ने क्रम बढ्दो



**टुडे समाचारदाता**

राजविराज । चुनावी सरगर्मी बढिरहँदा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का केन्द्रीय नेता तथा कार्यकर्ताहरु जनता समाजवादी पार्टी नेपालमा प्रवेश गर्ने क्रम बढेको छ।

चुनावी गठबन्धनमा पार्टीले थोरै सीटमा तालमेल गरेका कारण असन्तुष्ट नेता तथा कार्यकर्ताहरु धमाधम पार्टी परित्याग गर्न थालेका छन् ।

यसअघि छिटफुट रुपमा पार्टी परित्याग गर्दै आए पनि सप्तरीको राजविराजमा आइतबार आयोजित एक कार्यक्रमकाबीच केन्द्र तथा जिल्ला नेताहरु परित्याग गर्दै जसपामा प्रवेश गरेका छन् ।

लोसपाका केन्द्रीय नेता शैलेश कुमार चौधरी, केन्द्रीय नेता एवम् मधेश बाहिनी रक्षा दलको पूर्व अध्यक्ष वीनोद कुमार यादव, केन्द्रीय सदस्य पुनम यादव लगायतका दर्जनौं नेता तथा कार्यकर्ताहरु जसपामा प्रवेश गरेका छन् ।

यसैगरी सप्तरी उद्योग वाणिज्य संघका पूर्व उपाध्यक्ष शंकर दास, नेकपा एसको प्रदेश सचिवालय सदस्य अरुण देव लगायतका नेताहरु जसपामा प्रवेश गरेको जिल्ला अध्यक्ष केदार यादवले जानकारी दिए ।

नव प्रवेशी पुनम यादवको नाम लोसपाले समानुपातिक सूचीमासमेत नाम १४औं नम्बरमा सिफारिस गरेको छ। नेता चौधरी, वीनोद र पुनम मधेश मुक्ति आन्दोलनका चर्चित अनुहार छन् ।

नव प्रवेशीहरुलाई अध्यक्ष उपेन्द्र यादव, केन्द्रीय नेता एवम् राष्ट्रियसभा सदस्य मृगेन्द्र कुमार सिंह यादव, पार्टीका प्रवक्ता मनिष सुमन लगायतले स्वागत गरेका थिए ।

मधेश केन्द्रित शक्तिहरुसँग चुनावी तालमेल नगरी केही नेताहरुले व्यक्तिगत स्वार्थका कारण प्रलोभनमा परी थोरै सीटमा सम्झौता गरेर पार्टीलाई नै सिध्याउने काम गरेको नवप्रवेशीहरुको आरोप छ । अन्य पार्टीहरुबाट जसपा प्रवेश गर्ने लहरका कारण जसपा शक्तिशाली बन्दै गएको छ । सप्तरी २ बाट प्रतिनिधि सदस्यमा उम्मेदवारी दिएका अध्यक्ष यादवले सप्तरीमा कार्यकर्ता भेला, भेटघाट, छलफल तथा पार्टी प्रवेश कार्यक्रमलाई तीव्रता दिएका छन् ।

प्रतिनिधिसभा सदस्यमामा निर्वाचित भएपछि नर्सिङ्ग कलेज, इन्जिनियरिङ्ग कलेज, रामराजा सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान, कृषि विश्वविद्यालय सय शैय्याको अस्पताललाई ४ सय २० बेडको सुविधा सम्पन्न अस्पताल, सडक सञ्जाल विस्तार, विद्यालय भवन निर्माण लगायत विभिन्न ४२ ओटा कामहरु गरेका छन् । तीमध्ये केही काम पूरा पनि भइसकेको छ भने बाँकी निर्माणका क्रममा रहेका छन् ।

यस अघि लोसपाबाटै तिलाठी कोइलाडीका पूर्व मेयरसमेत रहेका युवा नेता सतीश कुमार सिंहको नेतृत्वमा केही नेता तथा कार्यकर्ताहरु पार्टी परित्याग गरेका थिए। उनी जनमत पार्टीबाट प्रदेश सभा सदस्यमा सप्तरी २ क बाट उम्मेदवार बनेका छन् ।

# धनुषा २ मा कसले मार्ला बाजी ?

**कमलेश ठाकुर**

जनकपुरधाम । प्रतिनिधिसभा निर्वाचनका लागि धनुषा निर्वाचन क्षेत्र नम्बर २ मा तीन पूर्वमन्त्री उम्मेदवार रहेका छन् । यहाँ दुबै गठबन्धनले सहमति गर्न नसक्दा प्रमुख चार दलका उम्मेदवार प्रतिनिधिसभाको लागि प्रतिस्पर्धामा छन् । अन्तिम समयमा नेकपा एमाले-जनता समाजवादी पार्टी (जसपा)बीच पनि गठबन्धन हुने सकेनन् भने पाँच दलीय गठबन्धनमा पनि दुई दलको दाबीका कारण सहमति हुन सकेनन् ।

त्यसपछि कांग्रेसले तीन दलबीच तालमेल गरी गठबन्धनका एकीकृत समाजवादीसंग मित्रवत् प्रतिस्पर्धा गरिरहेका छन् । कांग्रेसले प्रदेशसभामा एक सीट लोसपा र एक सीट माओवादीलाई दिएर तालमेल गरेका छन् । कांग्रेस, लोसपा र नेकपा माओवादी केन्द्रको गठबन्धनले यहाँ प्रतिनिधिसभातर्फ कांग्रेसका पूर्वमन्त्री रामकृष्ण यादवलाई उम्मेदवार बनाएका छन् ।









प्रदेशसभातर्फ 'क'मा लोसपाका सञ्जय साह र 'ख' मा नेकपा माओवादी केन्द्रका श्याम यादव उम्मेदवार छन् । प्रतिनिधिसभाका उम्मेदवार यादव ०६४ र ०७० मा संविधान सभाको चुनाव जितेका थिए । ०७४ मा उनी शेरबहादुर देउवा नेतृत्वको सरकारमा कृषि मन्त्री बनेका थिए । ०७४ को निर्वाचनमा उनलाई संघीय समाजवादी फोरमका उम्मेदवार उमाशंकर अरगरियाले पराजित गरेका थिए । अरगरिया अहिले नेकपा एमालेबाट उम्मेदवार छन् । अरगरिया तीन वटा निर्वाचनमा चार वटा पार्टी परिर्वतन गरिसकेका छन् । ०७० को निर्वाचनमा उनी तत्कालीन निर्वाचन क्षेत्र नम्बर १ मा विजय गच्छेदार नेतृत्वको मधेशी जन अधिकार फोरम लोकतान्त्रिकबाट उम्मेदवार बनेका थिए । ०७४ को चुनाव हुनुभन्दा केही दिन पहिले मात्रै उनी उपेन्द्र यादव नेतृत्वको संघीय समाजवादी फोरम प्रवेश गरेका थिए ।

सो चुनावमा उनले ३२ हजार बढी मत ल्याएर नेकपा माओवादी केन्द्रका उम्मेदवार रामचन्द्र झालाई पराजित गरेका थिए । त्यसपछि उपेन्द्र नेतृत्वको पार्टी र महन्थ ठाकुर अध्यक्ष रहेको राजपाबीच एकीकरण भएको थियो । डेढ वर्षभित्रै यी पार्टी पुनः टुक्रिए । त्यसपछि अरगरियाले लोसपा रोजे । केही दिन अघि उनी लोसपा त्यागेर एमाले प्रवेश गरी अहिले एमालेबाट उम्मेदवार बनेका छन् । ०७४ मा उमाशंकरसंग पराजित भएका झा अहिले नेकपा (एकीकृत समाजवादी)बाट उम्मेदवार बनेका छन् । उनी त्यतिबेला बाम गठबन्धनका साझा उम्मेदवार थिए । झा हालसम्म पाँच पटक उम्मेदवार बनेका छन् । तीन पटक निर्वाचत भएका छन् भने दुई पटक पराजित भएका छन् । ०६४ मा उनी निर्वाचित हुँदा मन्त्रीसमेत बनेका थिए ।

### अंक गणितमा को अब्बल ?

यस क्षेत्रमा उमाशंकर जित दोहोर्‍याउने रणनीतिमा छन् भने रामकृष्ण उमाशंकरलाई हराएर ०७४ को बदला लिने तयारीमा छन् । रामचन्द्र झा पनि जित हात पारेर आफूलाई पुनः स्थापित गर्न जोडबल गरिरहेका छन् । उनीहरू मत आफ्नो पक्षमा ल्याउन अहोरात्र मेहनत गरिरहेका छन् । अर्कोतर्फ एमालेले अरगरियालाई प्रवेश गराएपछि एमाले पुराना नेता कार्यकर्ता रुष्ट भएका छन् । एमालेकै प्रभावशाली नेता गंगाराम यादव अहिले जसपाबाट उम्मेदवार बनेका छन् । स्थानीय स्तरमा उनको पनि पकड राम्रो मानिन्छ । उनी एमालेका पुराना नेता थिए । उम्मेदवारको पार्टी फेरबदलले केही असर गर्ने अनुमान गरिएको छ ।

यस क्षेत्रमा ४४ वटा वडा छन् । यहाँ कांग्रेस १९, माओवादी सात, जसपा ६ एमाले ६ र नेकपा एस तीन वटा वडामा जितेको छ । एक वडामा लोसपा र बाकीमा स्वतन्त्र उम्मेदवार विजयी छन् । ६ पालिका रहेको यस क्षेत्रमा एमाले, जसपा र कांग्रेसले समान दुई/दुई वटा पालिका प्रमुख जितेका छन् ।

यद्यपि, कांग्रेसले जितेको पालिकाको केही वडा मात्रै यस निर्वाचन क्षेत्रमा छन् । स्थानीय चुनावमा कांग्रेसले यहाँ २१ हजार दुईसय ३२ मत ल्याएर ठूलो दल बनेको छ । जसपाले १३ हजार आठसय ८९, एमालेले ११ हजार पाँचसय ८३, माओवादी केन्द्रले १० हजार सातसय ९४, एकीकृत समाजवादीले आठ हजार नौसय ९७ र लोकतान्तिक समाजवादी पार्टीले छ हजार सातसय मत पाएको देखिन्छ ।

# 'विकासप्रेमी नेतालाई नै चुनेर पठाउने छन्'

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्सा निर्वाचन क्षेत्र नम्बर १ बाट प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार प्रदीप यादवले आइतबार सातौं दिन पनि चुनावी रोड शो र जनता भेटघाट कार्यक्रमलाई निरन्तरता दिएका छन् ।

पूर्वमन्त्रीसमेत रहेका यादवले आइतबार क्षेत्र नम्बर १ मा पर्ने वीरगञ्ज महानगरपालिकाको वडा नम्बर १५ स्थित भुषुवा र वडा नम्बर १६ स्थित नगवामा रोड शो गरेका थिए ।

रोड शोका क्रममा यादवले स्थानीयहरुसँग भेटघाट गर्दै देशको विकास, समृद्ध र सुशासन स्थापनाका निमित्त जसपा-एमाले गठबन्धनका साझा उम्मेदवार हरुलाई जिताउन आग्रह गरे ।

यादवले सत्ता गठबन्धनले एकलौटी राज चलाएर देशमा तानाशाह स्थापना गर्न खोजेको आरोप लगाउँदै गणतन्त्र र लोकतन्त्रको रक्षाका लागि जसपा-एमालेका उम्मेदवार हरुलाई जिताउनु पर्ने बताए ।

यादवले आफू सांसद् र सानो समयका लागि मन्त्री हुँदा पनि आफ्नो क्षेत्र र समग्रमा पर्सा जिल्लामा भ्याएसम्म विकास निर्माणका योजनाहरु ल्याएको र पूरासमेत गरेको दाबी गर्दै आगामी दिनमा बाँकी रहेको काम सम्पन्न गर्न आफूलाई निर्वाचित गराउन मतदातासँग आग्रह गरे ।



सोही क्रममा यादवले हिन्दुहरुको महान पर्व दीपावली र छठको शुभकामना व्यक्त गरेका थिए । कार्यक्रममा मधेश प्रदेशका मुख्यमन्त्रीसमेत सहभागी रहेको कार्यक्रममा जसपा र एमालेका कार्यकर्ताहरुको पनि ठूलो संख्यामा उपस्थिति रहेको थियो ।

# अन्तर्राष्ट्रिय विमान स्थल निजगढमा नै बन्छ : मन्त्री चौधरी



**टुडे समाचारदाता**

कलैया । खानेपानी मन्त्री एवम् नेपाली कांग्रेसका सहमहामन्त्री उमाकान्त चौधरीले अन्तर्राष्ट्रिय विमान स्थल निजगढमा नै बन्ने दाबी गरेका छन् ।

नेपाली कांग्रेस निजगढ नगर कार्य समितिले निजगढमा आयोजना गरेको अगुवा कार्यकर्ता भेलामा मन्त्री चौधरीले आफ्नो पहलमा तत्कालीन वन मन्त्री, अर्थ मन्त्री, पर्यटन मन्त्रीसहित नेपाली कांग्रेसका सभापति शेरबहादु देउवा, माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड, नेकपा एसका अध्यक्ष माधव नेपाल, जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव, जनमोर्चा की उपाअध्यक्ष दुर्गा पम्रडेललाई निजगढमा बोलाई प्रतिबद्धता गर्न लगाएको र मन्त्री परिषद्‌बाट समेत निजगढमा नै अन्तर्राष्ट्रिय विमान स्थल निर्माण गर्ने निर्णय भइसकेको हुँदा कसैले चाहेर पनि रोक्न नसक्ने बताए ।

निर्वाचन अचारसंहिताका कारण शिलान्यास गर्न नसकेको मन्त्री चौधरीले बताउँदै निर्वाचन सक्ने वितिकै शिलान्यस गर्ने प्रतिबद्धता गरे ।

नेकपा एमाले मधेशी विरोधी पार्टी भएको आरोप लगाउँदै मन्त्री चौधरीले तराई मधेशका जनताहरुलाई प्रत्यक्ष फाइदा पुग्ने नागरिकता विधेयक पास गर्नमा राष्ट्रपतिसंग मिलेर केपी ओलीले विधेयक अलपत्रमा पारेको हुँदा तमाम मधेशी जनताको भावनामाथि खेलवाड गरेको बताए ।

संघीय लोकतान्त्रिक गणतन्त्रलाई सखाप पारी मुलुकमा निरंकुश शासन व्यवस्था लाध्न खोजेको ओलीलाई मधेशबाट नै सबक सिकाउनुपर्ने जानकारी गराए ।

सोही कार्यक्रममा नेपाली कांग्रेस मधेशका उपसभापति चन्द्रशेखर कुमार यादवले नेपाली कांग्रेस पार्टी लोकतन्त्रको रक्षा, प्रेस स्वतन्त्रताको वकालत, संविधान कार्यान्वयन गर्न एवम् संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने पार्टी भएको हुँदा आम नेपालीहरुको चाहना अव नेपाली कांग्रेस नै भएको हुँदा रुख चिह्नमा मतदान गर्न सबैलाई आग्रहसमेत गरे ।

# आयुर्वेद चिकित्साको महत्व बढ्दै गएको छः मिश्र

**टुडे समाचारदाता**

वीरगञ्ज । मधेश प्रदेश प्रमुख हरिशंकर मिश्रले दिन प्रतिदिन समाजमा आयुर्वेद चिकित्साको महत्व बढ्दै गएको बताएका छन् ।



७ औं आयुर्वेद दिवसको अवसरमा वीरगञ्ज स्थित भारतीय महावाणिज्य दूतावासद्वारा आयोजित आयुर्वेद शिक्षा कार्यक्रममा प्रदेश प्रमुख मिश्रले समाज अहिले पनि आयुर्वेद शिक्षाबारे अनभिज्ञ रहेकोले आयुर्वेद उपचारको बारेमा घरघरमा जानकारी फैलाउनु आवश्यक रहेको बताए ।

उनले भान्छामा रहेको औषधि जस्तै लसुन, मेथी, तुलसीको पाता जस्ता आयुर्वेदिक वस्तुहरुबाट धेरै रोगको निवारण हुनसक्ने भएतापनि त्यसबारे सबैलाई जानकारी नभएको कारण आयुर्वेद औषधि भन्दा हेलोपेथिक औषधिप्रति सर्वसाधारणहरुको विश्वास रहेकोले अबको दिनमा आयुर्वेद शिक्षाप्रति पनि सर्वसाधारणहरुलाई विश्वास बढाउन घरघरमा आयुर्वेद शिक्षाबारे जनचेतना फैलाउन आवश्यक रहेको बताए ।

आयुर्वेद चिकित्सामा प्रयोग गरिने पदार्थहरु पनि आयुर्वेद नै रहेको र त्यसलाई अनुसन्धान गरी वैज्ञानिहरुले हेलोपेथिक औषधि बनाउने गरेको कारण पनि बनाइएको औषधि भन्दा पनि प्राकृत्तिक आयुर्वेदिक औषधि नै प्रयोग ग न ुे स्वास्थ्यको लागि उत्तम रहेको भन्दै उनले अहिले आयुर्वेदिक औषधीहरुको बारेमा वैज्ञानिकहरुले अनुसन्धान गर्न थालेको चर्चा गरे ।

उनले मंगल ग्रहमा जीवन खोज्नु भन्दा पनि आयुर्वेदले मंगल प्रदान गर्ने बताए । आयुर्वेदको ज्ञान नभएको कारणले पनि सर्वसाधारणहरु हेलोपेथिक चिकित्सातर्फ बढी विश्वास गर्ने गरेको तर अब आयुर्वेद औषधिबाट ठूलठूलो रोगहरुको निवारण भइरहेको घटनाहरु सार्वजनिक हुन थालेपछि विस्तारै आयुर्वेद चिकित्सातर्फ पनि सर्वसाधारणहरुको विश्वास बढ्दै गएको बताए ।

भारतले मनाउँदै आजादीको अमृत महोत्सव कार्यक्रम अन्तर्गत भारतीय महावाणिज्य दूतावासले हर दिन, हर घर आयुर्वेद नाराको साथ आयोजना गरेको कार्यक्रममा आयुर्वेद चिकित्सा शिक्षा सम्बन्धी जानकारी गराइएको थियो ।

अहिले पनि ग्रामीण भेगमा उम्रेका हरिया वनस्पतिहरु आयुर्वेद औषधिमा प्रयोग गर्न सकिने भएकोले प्राकृत्तिक सम्पदा, वनस्पतिहरुलाई जोगाउँदै ग्रामीण भेगका सर्वसाधारणहरुले आयुर्वेदिक औषधिबाट नै उपचार गर्ने गरेको प्रमुख मिश्रले बताए ।

कार्यक्रममा मधेश प्रदेश अन्तर्गत विभिन्न जिल्लामा रहेका आयुर्वेद अस्पतालहरुका चिकित्सक डा. राकेश कुमार सिंह, डा. प्रभाकर मनु, डा. सुजित शर्मा, डा. मनिष कुमार सिंह, डा. नन्दकिशोर झा लगायतले आयुर्वेद चिकित्सा र खानपान, आहार विहार, आचार विचार र जीवनशैलीको बारेमा जानकारी गराउँदै उपस्थित व्यक्तिहरुसंग अन्तरक्रियासमेत गरेका थिए ।

कार्यक्रममा सहभागी आयुर्वेद चिकित्सकहरुले आयुर्वेदको वैज्ञानिक महत्वबारे अहिले भारत लगायत विभिन्न देशहरुले ठूलो अनुसन्धान भइरहेको बताए ।

त्यसमा पनि खास गरी प्रत्येक घरमा प्रयोग गरिने लसुन, तुलसीको पात, सहजन जस्ता आयुर्वेद वनस्पतिहरुको बारेमा ठूलो अनुसन्धान भइरहेको जानकारी गराएका थिए । कार्यक्रममा भारतीय महावाणिज्य दूतावासका महावाणिज्यदूत नितेश कुमारले आयुर्वेद चिकित्सा प्रत्येक घरको लागि महत्वपूर्ण रहेको बताए ।

# हनुमान जयन्तीमा शोभा यात्रा

**टुडे समाचारदाता**

जनकपुरधाम । हनुमान जयन्ती धुमधामका साथ मनाइएको छ ।




प्रत्येक वर्ष झैं लक्ष्मी पूजाको एक दिन पहिला मिथिलाञ्चल सांस्कृतिक कला परिषद्ले जनकपुरधाममा हुनमान जयन्ती भव्यताका साथ मनाउँदै आएको छ ।

यही क्रममा परिषद्ले आइतबार जनकपुरधाममा शोभा यात्रा निकालेको थियो भने, दिउँसो हनुमान चालीसा पाठ, र बेलुका भजन संध्या कार्यक्रम गरेको परिषद्का अध्यक्ष शम्भु साहले जानकारी दिए । सयौंको संख्यामा उपस्थित श्रद्धालुले रेल्वे स्टेसनबाट शोभा यात्रा निकाल्दै नगर परिक्रमा गरेका थिए ।

# हुक्कालोली लोपोन्मुख

**टुडे समाचारदाता**

जलेश्वर । आफ्ना मृत पितृलाई आगोको मुस्लोले स्वर्ग जाने बाटो देखाउने परम्पराको रुपमा दीपावलीका दिन तराई-मधेशमा मनाइने हुक्कालोली पर्व लोप हुन थालेको छ ।



सम्पूर्ण मिथिलाञ्चलको पौराणिक तथा सांस्कृतिक पहिचान भएको हुक्कालोली आधुनिकतासँगै लोप हुन थालेको देखिएको छ ।

मिथिलाञ्चलमा पितृकार्यका निमित्त गरिने धार्मिक मान्यतालाई अहिलेका पुस्ताले मनोरञ्जनका रुपमा लिन थालेकाले हुक्कालोली नचाउने कार्य लोप हुन थालेको बताइन्छ ।

सहरी र ग्रामीण क्षेत्रमा बालकदेखि वृद्धसम्म पहिला हुक्कालोली नचाउने गर्दथे तर आधुनिक युगमा प्रवेश गरिसकेपछि यसलाई मनोरञ्जनको रुपमा सहरी र ग्रामीण क्षेत्रका गाउँमा फाटफुट रुपमा युवा हुक्कालोली नचाउने गरेका छन् । साथै ठूलठूला आवाजका पटाका र झिलिमिली बत्तीले पनि यो परम्परलाई विस्थापन गर्दै लगेको छ ।

स्कन्दपुराणमाउल्लेखभएअनुसार मिथिलाञ्चलमा पितृलाई बाटो देखाउन र पितृको आत्माको शान्तिका निम्ति लक्ष्मी पूजाका राति हुक्कालोली नचाउने गरिन्थ्यो तर यसलाई अब व्यावसायिक रुप दिएर फलामको तारमा पुरानो झुत्रोको कपडा बाधेर एउटा डल्लो बनाउने र त्यसमा मटितेलले भिजाइ आगो सल्काएर नचाइ मनोरञ्जन लिने गरिन्छ । यसका अलावा झिलिमिली बत्ती र पटाकाले पनि यस परम्परालाई प्रतिकूल असर पुर्‍याएको छ ।

विगतमा हुक्कालोली नचाउने कार्यमा बालकदेखि वृद्धसम्म सहभागी हुने गर्दथे तर अहिलेका पुस्ताले यसलाई छाडेर बम, पटाका र झिलिमिली बत्तीमा पल्केपछि यो परम्परा हराएको हो । मिथिलाञ्चलमा पितृको सम्मान र परम्पराको रुपमा मनाइने हुक्कालोली नचाउने कार्यलोप हुन थालेपछि सांस्कृतिविद्हरुलेले यसलाई संरक्षण गर्नुपर्नेमा जोड दिँदै आएका छन् ।

## डेंगीबाट बचौं ।

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्यधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८